ग्राहक प्रति

NEW BUSINESS AGE LTD.

वर्ष २० | अंक १२५ | काठमाडौं | सोमवार, २१ माघ २०८१ | Monday, 3 February 2025 | पृष्ठ ८ | मूल्य रू. १०

ISSN No. 2822-1702

@abhiyannationaldaily
@aarthik_abhiyan

# आर्थिक अभियान

हरेक दृष्टि, आर्थिक कोण

राष्ट्रिय दैनिक

www.abhiyandaily.com

‘चेम्बर एक्स्पोमा कजारिया टाइल्सको उत्कृष्ट सहभागिता’ ३

भ्रष्टाचार नियन्त्रणको अर्थशास्त्र ४

धितोपत्रको कारोबार पाँच महीनायताकै उच्च ६

‘क्यान इन्फोटेक २०२५’ को तयारी अन्तिम चरणमा ८



पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो भएमा कल गर्नु पर्दैन,

९८४७३४५६६०
९८५१०१९०३८
९८४१९५९२९८

भाइबरमा SMS मात्र गर्नुहोस् हामी यताबाट कल गर्छौं ।

### नेपाल नागरिक उड्ययन प्राधिकरण विभाजनको तयारी

# नेपाली एयरलाइन्सलाई युरोपमा प्रतिबन्ध हट्ला ?

**प्रशान्त खड्का**

काठमाडौं

सरकारले हवाई सेवा नियामक र सेवा प्रदायक गरी छुट्टाछुट्टै निकाय स्थापना गर्ने गरी संसद्मा दुईओटा विधेयक आइतवार दर्ता गरेपछि झन्डै १२ वर्षदेखि नेपाली एयरलाइन्सहरूलाई युरोप उडानमा लागेको प्रतिबन्ध फुकुवा गर्न सहज हुने सरोकारवालाहरूले बताएका छन् ।

हवाई सुरक्षा कायम गर्ने क्षमतामा प्रश्न उठाउँदै सन् २०१३ देखि युरोपेली संघ (ईयू)ले नेपाली एयरलाइन्सहरूलाई संघमा आवद्ध देशमा उडान भर्न प्रतिबन्ध लगाउँदै आएको छ । लामो समयसम्म पनि ईयूले नेपाली एयरलाइन्समाथिको उक्त प्रतिबन्ध नहटाउनुमा अन्य हवाई सुरक्षा कमजोरीका अतिरिक्त नेपाल नागरिक उड्डयन प्राधिकरण (क्यान) नियामक र सेवादाताको रूपमा विभाजन नहुनुलाई औंल्याउँदै आएको छ ।

नियामक र सेवादाता एउटै हुँदा स्वार्थको द्वन्द्व हुने हुँदा क्यानले हवाई सुरक्षामा पर्याप्त ध्यान दिन नसकेको युरोपेली संघ र अन्तरराष्ट्रिय नागरिक उड्डयन संगठन (आइकाओ) को मूल्यांकन रहँदै आएको छ ।

तर, क्यान टुक्र्याउने पटकपटकको सरकारी प्रयास हालसम्म सफल हुन सकेको छैन । क्यानका कर्मचारी संगठनहरूले यसको विरोध गर्दै आएका छन् भने क्यानको नेतृत्वले नै कर्मचारी उचालेर क्यान टुक्र्याउन नदिएको आरोप लाग्दै आएको छ। सेवाप्रदायक पनि रहँदा क्यानको नेतृत्वले ठूलाठूला ठेक्का दिन र कमिसन लिन पाउने





- नागरिक उड्डयन प्राधिकरणलाई तीन छुट्टै निकायमा विभाजन गरेपछि पाकिस्तानी एयरलाइन्स ईयूको कालोसूचीबाट बाहिर
- नियमनकारी र सेवा प्रदायक छुट्टाछुट्टै बनाउँदा उडान प्रतिबन्ध हट्न सक्ने ईयूका अधिकारीहरूको संकेत
- नयाँ ऐन जारी भएपछि नागरिक उड्डयनको क्षेत्रमा विद्यमान स्वार्थको द्वन्द्व अन्त्य हुने सरकारको भनाइ
- अहिले सबल रहेको संस्था विभाजन गरेर दुर्बल बनाउन सरकार लागिपरेको प्राधिकरणका उच्च अधिकारीको आरोप


भएकाले क्यानको नेतृत्व पनि विभाजनको विपक्षमा रहेको आरोप लाग्दै आएको छ । सरकारी नेतृत्वले क्यानलाई टुक्र्याउने वचन दिँदै आए पनि त्यो वाचा हालसम्म पूरा हुन सकेको छैन ।

तर, संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्री पाण्डेले नेपाल नागरिक उड्डयन प्राधिकरणसम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक, २०८१ र नेपाल हवाई सेवा प्राधिकरणको स्थापना र व्यवस्था गर्न बनेको विधेयक, २०८१ संसद्मा दर्ता गरेपछि भने ईयूको प्रतिबन्ध हट्ने आशा पलाएको हो ।

नागरिक उड्डयन प्राधिकरणले नागरिक उड्डयन क्षेत्रमा नियामक निकायको मात्र काम गर्ने गरी पहिलो विधेयक ल्याइएको मन्त्री पाण्डेले विधेयकमा उल्लेख गरेका छन् ।

» बाँकी पृष्ठ ५ मा

# ब्याजदर घट्दो, कर्जा विस्तार अझै सुस्त





**अभियान संवाददाता**

काठमाडौं

कर्जाको ब्याजदर घट्दो क्रममा देखिए पनि बैंक, वित्तीय संस्थाबाट कर्जा प्रवाहको वृद्धि भने सुस्त देखिएको छ ।

नेपाल राष्ट्र बैंकले प्रकाशित गरेको आर्थिक तथा वित्तीय अवस्थासम्बन्धी ताजा प्रतिवेदनमा पछिल्लो १ वर्षमा कर्जाको औसत ब्याजदर करीब ३ प्रतिशत बिन्दुले घटेर ५ प्रतिशतभन्दा तल झरेको उल्लेख छ । एक वर्षअघि २०८० पुसमा बैंकहरूमा कर्जाको औसत ब्याजदर ७ दशमलव ३२ प्रतिशत रहेकोमा २०८१ पुसमा झरेर ४ दशमलव ७५ प्रतिशत कायम भएको छ ।

लगानीयोग्य पूँजी बढ्दै गएपछि बैंकहरूले निक्षेपको ब्याजदर घटाएपछि लागत कम हुँदा कर्जा सस्तो भएको हो । तर, बजारमा कर्जाको माग नभएको बैंकरहरू बताउँछन् । नेपाल बैंकर्स संघका अध्यक्ष सन्तोष कोइराला कर्जा प्रवाह नहुँदा राष्ट्र बैंकमा लगेर पैसा थन्क्याउनुपरेको बताउँछन् । ‘नयाँ कर्जाको माग नै छैन, बैंकहरूले ठूलो रकम राष्ट्र बैंकमा लगेर पार्क गर्नुपरेको छ ।’

चालू आर्थिक वर्ष (आव) को पुससम्ममा मात्र बजारको तरलता व्यवस्थापन गर्न राष्ट्र बैंकले बजारबाट १४० खर्ब ८० करोड रुपैयाँ तानेको छ । यसमध्ये निक्षेप संकलन बोलकबोल उपकरणमार्फत १४ खर्ब ८६ अर्ब ६५ करोड र स्थायी निक्षेप सुविधामार्फत १२५ खर्ब १४ अर्ब १५ करोड रुपैयाँ संकलन गरेको हो । यसमध्ये अझै २ खर्ब ७० अर्ब रुपैयाँ राष्ट्र बैंकमा छ ।

बैंक, वित्तीय संस्थामा अधिक तरलता भएपछि राष्ट्र बैंकले विभिन्न उपकरणबाट बजारबाट रकम तान्ने गर्छ। यसैगरी तरलता कम भयो भने बजारमा पठाउने गर्छ । राष्ट्र बैंकका अनुसार चालू आवको असारदेखि पुससम्मको अवधिमा बैंक, वित्तीय संस्थाहरूको निक्षेप २ खर्ब ३९ अर्ब ६ करोड (३ दशमलव ७ प्रतिशत) ले बढ्दा निजीक्षेत्रमा प्रवाह हुने कर्जा २ खर्ब ६५ अर्ब ५६ करोड रुपैयाँ (५ दशमलव २ प्रतिशत) मात्र बढेको छ ।

पूर्वबैंकर अनलराज भट्टराई आन्तरिक आर्थिक गतिविधि चलायमान नभएको र राष्ट्र बैंकका निर्देशनहरू कसिलो हुँदा कर्जा प्रवाह बढ्न नसकेको बताउँछन् । चालू पूँजी कर्जा मागदर्शनमार्फत कारोबारका आधारमा मात्र कर्जा लिन पाउने प्रावधान ल्याइएका कारण व्यवसायीको ऋण लिने क्षमता कमजोर भएको उनले उल्लेख गरे ।

आन्तरिक अर्थतन्त्र चलायमान हुन नसके पनि बाह्य क्षेत्रका सूचकहरू भने थप बलियो भएको प्रतिवेदनमा उल्लेख छ । पुससम्ममा विप्रेषण आप्रवाह ४ दशमलव १ प्रतिशतले वृद्धि भई ७ खर्ब ६३ अर्ब ८ करोड रुपैयाँ पुगेको छ। विप्रेषण रकम बढे पनि वृद्धिदर भने घटेको छ ।

यस्तै पुसमा चालू खाता १ खर्ब ४८ अर्ब १७ करोडले बचतमा हुँदा शोधनान्तर स्थिति २ खर्ब ४९ अर्ब २६ करोडले बचतमा छ । विदेशी मुद्रा सञ्चिति पनि २३ खर्ब १६ अर्ब ८४ करोड रुपैयाँ बराबर पुगेपछि चालू आवको ६ महीनाको अनुपातमा आयात भइरहेका १७ दशमलव ३ महीनाको वस्तु र १४ दशमलव ४ महीनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त हुने केन्द्रीय बैंकले बताएको छ ।

चालू आवको पुसमा मूल्य वृद्धिदर भने सामान्य बढेको छ। २०८१ पुसमा उपभोक्ता मूल्य वृद्धिदर ५ दशमलव ४१ प्रतिशत कायम भएको छ। अघिल्लो वर्षको पुसमा उपभोक्ता मूल्य वृद्धिदर ५ दशमलव २६ प्रतिशत थियो ।

# धेरैजसो शीर्षकमा लक्ष्यअनुसार राजस्व उठेन

**अभियान संवाददाता**

काठमाडौं

सरकारको राजस्व संकलन कमजोर देखिएको छ । चालू आर्थिक वर्षको ६ महीनामा धेरैजसो शीर्षकमा लक्ष्यअनुसार राजस्व उठ्न नसकेको देखिएको छ ।

कर राजस्वतर्फ यो वर्ष सरकारले १२ खर्ब ८४ अर्ब रुपैयाँ उठाउने लक्ष्य राखेको छ । अर्थ मन्त्रालयले सार्वजनिक गरेको तथ्यांकअनुसार चालू वर्षको ६ महीनामा ६ खर्ब २ अर्ब रुपैयाँ संकलनको लक्ष्य रहेकोमा ४ खर्ब ८९ अर्ब रुपैयाँ मात्र संकलन भएको छ । पुस मसान्तसम्मको राजस्व संकलन लक्ष्यको तुलनामा ८१ दशमलव २ प्रतिशत हो ।

भन्सार महशुलतर्फ पुससम्ममा १ खर्ब ४५ अर्ब संकलन लक्ष्य रहेकोमा १ खर्ब ७ अर्ब रुपैयाँमात्रै संकलन भएको छ भने मूल्य अभिवृद्धि करतर्फ १ खर्ब ८३ अर्बको लक्ष्यमा १ खर्ब ५४ अर्ब रुपैयाँ उठेको छ ।

अन्तः शुल्कतर्फ पनि सरकारले लक्ष्यअनुसार राजस्व उठाउन सकेको देखिँदैन । यो शीर्षकमा ६ महीनामा ९१ अर्ब ४३ करोड उठाउने लक्ष्य रहेकोमा ८३ अर्ब ३९ करोड रुपैयाँ उठेको छ । आयकरतर्फ पनि सरकारले लक्ष्यअनुसार राजस्व उठाउन सकेको छैन। चालू आर्थिक वर्षको ६ महीनामा आयकर शीर्षकमा १ खर्ब ८० अर्ब संकलन गर्ने लक्ष्य रहेकोमा १ खर्ब ४१ अर्ब रुपैयाँ उठेको छ। शिक्षा सेवा शुल्क भने लक्ष्यभन्दा बढी उठेको छ ।

**पुससम्मको राजस्व संकलन**

| राजस्व शीर्षक | पुससम्मको लक्ष्य (रू. अर्ब) | पुससम्मको संकलन (रू. अर्ब) | उपलब्धि प्रतिशत |
|---|---|---|---|
| भन्सार महशुल | १४५.७५ | १०७.३७ | ७३.७ |
| मूल्य अभिवृद्धि कर | १८३.७९ | १५४.८५ | ८४.३ |
| अन्तःशुल्क | ९१.४३ | ८३.३९ | ९१.२ |
| आयकर | १८०.६९ | १४१.९४ | ७८.६ |
| शिक्षा सेवा | १.०५ | १.८५ | १७६.२ |
| गैरकर | ७०.११ | ७०.२१ | १००.१ |

स्रोत : अर्थ मन्त्रालय

लक्ष्यअनुसार राजस्व संकलन नहुनुमा उद्योगी व्यापारीहरू दैनिक उपभोग्य वस्तु आयातमा लाग्ने चर्को भन्सार महशुललाई दोष दिन्छन् । चर्को भन्सार महशुलका कारण चोरी पैठारी बढ्दा लक्ष्यअनुसार सरकारी लक्ष्य अनुसार राजस्व संकलन नभएको उनीहरुको तर्क छ ।

हालै विराटनगर भन्सार कार्यालयमा आयोजित प्रतिनिधिसभाको अर्थ समितिका पदाधिकारी सम्मिलित अन्तरक्रियामा उनीहरूले सरकार राजस्वमुखी भएर चिनी, सुती कपडा, चिउरा, खानेतेल लगायत दैनिक उपभोग्य वस्तुमा अत्यधिक भन्सार शुल्क राख्दा तस्करी बढेको र त्यसैका कारण भन्सारले लक्ष्यअनुसार राजस्व संकलन गर्न नसकेको बताएका थिए । ती वस्तुको भन्सार महशुल कम गरेर वस्तुहरू भन्सार नाकाबाटै आउने वातावरण बनाउन उनीहरूले अर्थ समितिलाई सुझाएका छन् ।

» बाँकी पृष्ठ ५ मा

### विदेशी वस्तुमा थप कर लगाउने ट्रम्पको कदम


# जस्ताको तस्तै जवाफ दिने सम्बद्ध देशको घोषणा

काठमाडौं (अस) । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले आफ्ना देशमा उत्पादित सामग्री आयातमा थप २५ प्रतिशत भन्सार लगाउने घोषणा गरेपछि छिमेकी क्यानडा र मेक्सिकोले पनि अमेरिकी वस्तु आयातमा त्यस्तै कर लगाउने घोषणा गरेको बेलायती समाचार संस्था बीबीसीले जनाएको छ ।


क्यानडाका प्रधानमन्त्री जस्टिन ट्रुडोले अमेरिकामा उत्पादित १५५ अर्ब डलर मूल्यका वस्तु आयातमा २५ प्रतिशत भन्सार लगाउने घोषणा गरेका हुन् । यसअघि अमेरिकी राष्ट्रपति ट्रम्पले क्यानडा र मेक्सिकोबाट हुने आयातमा २५ प्रतिशत र चीनबाट हुने आयातमा १० प्रतिशत भन्सार लगाउने घोषणा गरेका थिए । बदलामा मेक्सिकोकी राष्ट्रपति क्लाउडिया सेनाबाउमले अमेरिकी वस्तुमा पनि आफ्नो मुलुकले त्यस्तै प्रकारको शुल्क लगाउने बताएको बीबीसीको समाचारमा उल्लेख छ । चीनले भने व्यापार युद्धमा कसैले नजित्ने भन्दै राष्ट्रिय स्वार्थ रक्षामा आफू प्रतिबद्ध रहेको प्रतिक्रिया दिएको छ । बेइजिङले ट्रम्पले चिनियाँ सामानमाथि लगाएको नयाँ करको ‘दृढतापूर्वक विरोध’ गरेको र ‘आफ्नो अधिकार र चासोको दृढतापूर्वक रक्षा गर्न सम्बन्धित जबाफी कदम’ चाल्ने वाचा गरेको प्राप्त समाचारमा उल्लेख छ । ट्रम्पले चिनियाँ वस्तु आयातमा साविकको शुल्कमा थप १० प्रतिशत कर लगाउने घोषणा गरेका छन् । ह्वाइटहाउसका अनुसार राष्ट्रपति ट्रम्पले हस्ताक्षर गरेको कार्यकारी आदेशले क्यानडा र मेक्सिकोबाट आयात गरिने वस्तुमा थप २५ प्रतिशत र चीनबाट आयात गरिने वस्तुमा थप १० प्रतिशत शुल्क लगाएको छ । तर, क्यानडाबाट हुने ऊर्जा आयातमा भने ट्रम्पले १० प्रतिशत शुल्क घोषणा गरेका छन् ।

सामाजिक सञ्जाल एक्समा प्रकाशित विज्ञप्तिमा ट्रम्पले गैरकानूनी आप्रवासन र घातक लागूऔषधको खतराका कारण आफूले आपतकालीन आर्थिक शक्तिको प्रयोग गरेको उल्लेख गरेका छन् । अर्थविद्हरूले राष्ट्रपति ट्रम्पको कदमले अमेरिकामा खाद्यान्न र इन्धनको मूल्य वृद्धि हुन सक्ने र क्यानडा र मेक्सिकोलाई मन्दीतर्फ धकेल्न सक्ने चेतावनी दिएका छन् ।


ट्रम्पको पछिल्लो घोषणामा प्रतिक्रिया जनाउँदै जापानका अर्थमन्त्री कात्सुनोबु कातोले त्यसबाट विश्वव्यापी व्यापारमा पर्ने सम्भावित असरबारे जापान गहिरो चिन्तामा रहेको बताएका छन् ।













### जनवरीमा आए ८० हजार पर्यटक

# कोभिडअघिको तुलनामा ९८ प्रतिशत पुनरुत्थान

**अभियान संवाददाता**

काठमाडौं

नेपालमा मासिक पर्यटक आगमन कोरोना महामारीअघिको अवस्थामा पुग्न थालेको छ । नेपाल पर्यटन बोर्डले सार्वजनिक गरेको ताजा तथ्यांकअनुसार सन् २०२५ को जनवरीमा हवाई मार्गबाट ७९ हजार ९९१ पर्यटक नेपाल आएका छन् । यो संख्या यसअघिका ४ वर्षको सोही महीनाको भन्दा बढी हो । यस्तै कोभिड-१९ महामारीपूर्वको वर्ष २०१९ को तुलनामा ९८ प्रतिशत पुनरुत्थान भएको देखिन्छ । पर्यटन क्षेत्रका विज्ञहरूले यसलाई नेपालको पर्यटन पुनरुत्थानका लागि उत्साहजनक संकेतका रूपमा लिएका छन् ।

कोभिड महामारीअघिको वर्ष २०१९ को जनवरीमा ८१ हजार २७३ पर्यटक नेपाल आएका थिए । सन् २०२० को जनवरीमा भने ७९ हजार ७०२ पर्यटक भित्रिएका थिए । यस वर्षको जनवरीमा भित्रिएका बाह्य पर्यटकको संख्याले महामारीपछि पर्यटन क्षेत्रमा उल्लेख्य सुधार आएको देखाएको छ । नेपालका लागि पर्यटन अर्थतन्त्रको प्रमुख अंश भएकाले यो वृद्धिलाई सकारात्मक मानिएको छ ।

नेपाल पर्यटक आउने शीर्ष देशमध्ये भारत पहिलो स्थानमा रहेको छ । जनवरीमा भारतबाट २० हजार ४८५ पर्यटक आएका छन्, जुन कुल आगमनको एक चौथाइ हो । यसैगरी, चीनबाट ८ हजार १९१, संयुक्त राज्य अमेरिकाबाट ८ हजार ६३, बंगलादेशबाट ५ हजार ४०६, अस्ट्रेलियाबाट ४ हजार ३०१, दक्षिण कोरियाबाट ३ हजार ७५६, बेलायतबाट ३ हजार ५२१, थाइल्यान्डबाट ३ हजार २१९, भुटानबाट २ हजार ७६८ र जापानबाट १ हजार ५७० पर्यटक नेपाल आएका छन् ।

पर्यटन व्यवसायीका अनुसार होटेल, ट्रेकिङ, तथा अन्य सम्बद्ध क्षेत्रहरूमा सुधार देखिएको छ, जसले थप रोजगारी सृजना गर्ने अपेक्षा गरिएको छ। पर्यटक आगमन बढाउन प्रचारप्रसारका काम अघि बढाएको पर्यटन बोर्डले बताएको छ । सरोकारवाला निकायहरूसँगको सहकार्यमा वार्षिक रूपमा पर्यटन प्रवर्द्धनका काम गरिँदै आएको बोर्डको भनाइ छ ।

नेपालमा पर्यटनको मुख्य सिजन दुईओटा (शरद् र वसन्त) छन् । अबको २ महीनापछि हिमाल आरोहणको वसन्त याम शुरू हुने भएकाले पर्यटक आगमन बढ्ने अपेक्षा गरिएको छ ।



**जनवरीमा धेरै पर्यटक आएका पाँच देश**

| देश | संख्या |
|---|---|
| भारत | २० हजार ४८५ |
| चीन | ८ हजार १९१ |
| संयुक्त राज्य अमेरिका | ८ हजार ६३ |
| बंगलादेश | ५ हजार ४०६ |
| अस्ट्रेलिया | ४ हजार ३०१ |

स्रोत : नेपाल पर्यटन बोर्ड

# निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड

(नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्था)

केन्द्रीय कार्यालय

भगवतीबहाल, नक्साल, काठमाण्डौ

फोन नं. ०१-४५१३७९४,४५१३८४०

## ऋण कर्जा भुक्तान गर्ने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

**(प्रकाशित मिति : २०८१/१०/२१ गते सोमवार)**

यस लघुवित्त वित्तीय संस्थावाट तपसिलमा उल्लेखित ऋणीले तपसिलमा उल्लेखित धितो सुरक्षण राखि/सामूहिक जमानीमा कर्जा लिनु भएकोमा ऋणीले लिएको ऋण कर्जाको साँवा, ब्याज लगायत अन्य रकम समेत यस लघुवित्त वित्तीय संस्थासँगको सर्त कबुलियत बमोजिम समय समयमा तिर्न बुझाउनु पर्नेमा सो नतिरी नबुझाई ऋण कर्जा सम्बन्धी सर्त बन्देज उल्लङ्घन गर्नु भएकोले पटक पटक मौखिक तथा लिखित रूपमा तरताकेता गर्दा समेत सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धमा कुनै चासो नदेखाई बेवास्ता गर्नु भएकोले यो ३५ (पैतिस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिनभित्र यस लघुवित्त वित्तीय संस्थामा सम्पर्क राखि यस वित्तीय संस्थाबाट लिएको ऋण कर्जाको सम्पूर्ण साँवा ब्याज र अन्य दैदस्तुर चुक्ता भुक्तान गर्नुहोला अन्यथा प्रचलित ऐन, कानून तथा यस लघुवित्त वित्तीय संस्थासँग गरेको लिखत बमोजिम ऋणी तथा जमानीकर्तालाई समेत कर्जा सूचना केन्द्रको कालोसूचीमा नाम समावेश गरिनुका साथै धितोमा रहेका वा नरहेको चलअचल सम्पत्ति लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी लघुवित्त वित्तीय संस्थाको आफ्नो लेना रकम असुल उपर गरिने ब्यहोरा यसै सूचनाद्धारा जानकारी गराइन्छ।

**सुनौलो अवसर : निष्कृय कर्जा अन्र्तगत रहेका कुनैपनि ऋणीले बाँकी कर्जा साँवा, ब्याज एकमुष्ठ भुक्तान गरेमा पाकेको ब्याजमा कमसल वर्गलाई १५%, शंकास्पदलाई २५% र खराब वर्गलाई ५०% छुट दिने ब्यहोरा सूचित गरिन्छ।**

### तपसिल

| क्र.सं. | शाखा कार्यालय | ऋणीको नाम, ठेगाना, ना.प्र.प.नं. | ऋणीको ३ पुस्ते विवरण (पति/पिता, ससुरा/बाजे) | समुह जमानिकर्ताको नाम, ठेगाना, ना.प्र.प.नं. | समुह जमानिकर्ताको ३ पुस्ते विवरण (पति/पिता, ससुरा/बाजे) | ब्यक्तिगत जमानिकर्ताको नाम, ठेगाना, ना.प्र.प.नं. | ब्यक्तिगत जमानिकर्ताको ३ पुस्ते विवरण (पति/पिता, ससुरा/बाजे) |
|---|---|---|---|---|---|---|---|
| १ | बर्दिबास | शिला देबी महतो,महोत्तरी,१८३०६२/७४२ | राम सेवक महतो/सुकुन महतो | तारा देबी महतो,महोत्तरी,१८३०६२/७३ | कमलेश कुमार महतो/बिन्देश्वर महतो | राम सेवक महतो,महोत्तरी,१८३०६२/२७ | सुकुन महतो/थाहा नभएको |
| २ | बर्दिबास | सिता देबी महरा,महोत्तरी,१८३०६२/८१३ | उपेन्द्र महरा/मनपत महरा | दिपिया देबी कोइरिन,महोत्तरी,१५२६५०१० | राम असिस महतो/सरजुग महतो | उपेन्द्र महरा,महोत्तरी,७०७३०४४५ | मनपत महरा/राम स्वरुप चमार |
| ३ | बर्दिबास | सुमिन्त्रा देबी कोइरिन,धनुषा,१४७८२५५४ | राम प्रसाद महतो कोइरी/सोनलाल महतो | राममुखि देबी,महोत्तरी,१८३०६२/२९३ | संजय कुमार महतो/जोगिन्द्र महतो | राम प्रसाद महतो कोइरी,महोत्तरी,१४७८२३६२ | सोनलाल महतो/थाहा नभएको |
| ४ | बर्दिबास | गिता राना,महोत्तरी,१८३०७२/८६९ | गोपाल बहादुर राना मगर/पदम बहादुर सारु | चन्द्र देबी रिखम,महोत्तरी,१८३०७२/३८० | शुक्रमान रिखम/मुनेश्वर रिखम | गोपाल बहादुर राना मगर,महोत्तरी,०४९७२७०५ | प्रेम बहादुर मगर/दलमान राना |
| ५ | गौशाला | बेचनी सिंह दनुवार,महोत्तरी,१८३०६७/८२ | धर्मेन्द्र सिंह दनुवार/सिताई राय दनुवार | मनिषा सिंह,महोत्तरी,१८२०६७/१३६८ | दिपक कुमार सिंह/घुरन सिंह दनुवार | मरनी देबी,महोत्तरी,१८३०६७/१४२५ | सिताई राय दनुवार/थाहा नभएको |
| ६ | गौशाला | गुमानी राय यादब,महोत्तरी,१३६७९८१ | राम सिंह राय यादब/दोरिक राय | राम नारायण राय यादब,महोत्तरी,१८३०६५/८८७ | बद्री राय यादब/बतहु राय यादब | मनोज कुमार राय,महोत्तरी,९१०९४१९९ | गुमानी राय यादब/राम सिंह राय यादव |
| ७ | गौशाला | राम सुमारी देबी,महोत्तरी,१८२०६०/४०७ | बिन्देश्वर बिन मुखिया/भुट्टा मुखिया बिन | प्रमिला देबी,महोत्तरी,१८३०६७/१५४६ | शम्भु साह/राम प्रसाद साह तेली | बिन्देश्वर बिन मुखिया,महोत्तरी,१८३०६७/१२८३ | भुट्टा मुखिया बिन/थाहा नभएको |
| ८ | गौशाला | दुखिया देबी दनुवार,महोत्तरी,१२३३-१३६७ | घुरन सिंह दनुवार/धनबिर सिंह | राम कुमारी देबी दनुवार,महोत्तरी,१२९३२६३६ | किसुनदेव सिंह दनुवार/श्रीदेव सिंह दनुवार | घुरन सिंह दनुवार,महोत्तरी,१२९३-१३६६ | धनबिर सिंह/थाहा नभएको |
| ९ | गौशाला | शारदा देबी साह,महोत्तरी,०५४/८८१ | रामाश्रय प्रसाद साह/महन्थ साह सोनार | साबित्री देबी कलवार,महोत्तरी,१८३०६९/१९९२ | सुरेन्द्र साह/जगदीस साह | रामाश्रय प्रसाद साह,थाहा नभएको | महन्थ साह सोनार/थाहा नभएको |
| १० | गौशाला | उषा कुमारी, महोत्तरी,३५७०२७५७ | दिनेश दास/राजकिशोर कथबनिया | शैल देबी,महोत्तरी,१८३०४९/१५५ | संजित कुमार साह तेली/महेन्द्र साह तेली | संजय कुमार दास कथबनिया,महोत्तरी,१८३०६९/१९१३ | राम एकबाल दास कथबनिया/थाहा नभएको |
| ११ | गौशाला | पुजनी देबी चौधरी,महोत्तरी,१८३०६६/४७६ | ब्रहमदेव चौधरी/मधुरी चौधरी थारु | निरमला देबी,महोत्तरी,१८३०६६/४५१ | गोबर्धन चौधरी/मधुरी चौधरी | रामपुत चौधरी थारु,महोत्तरी,८११३०३८५ | महाजन चौधरी थारु/थाहा नभएको |
| १२ | गौशाला | साबित्री देबी दनुवारनी,महोत्तरी,१२९३२५८३ | पृथ्वी नारायण सिंह दनुवार/फगुनी सिंह दनुवार | सिता देबी चौधरी,महोत्तरी,१८३०६७/१२३८ | अच्छेलाल चौधरी/सत्य नारायण चौधरी | पृथ्वी नारायण सिंह दनुवार,महोत्तरी,१२९३१२५८ | फगुनी सिंह दनुवार/थाहा नभएको |
| १३ | गौशाला | लालो देबी थरुनी,महोत्तरी,०६४६४६०५ | राम प्रकाश चौधरी/गेना चौधरी | सुनर देबी दनुवारनी,महोत्तरी,०६४६४५९० | बासुदेव सिंह दनुवार/नरसि सिं दनुवार | बिरेन चौधरी,महोत्तरी,१८२०६६/२५३ | राम प्रकाश चौधरी/गेना चौधरी |
| १४ | गौशाला | सुहागो कुमारी महतो,महोत्तरी,१८३०७१/२ | भवानी महतो/सर्जुग महतो | सिता कुमारी सिंह,महोत्तरी,१८२०७१/८१८ | सुभास महतो/राजदेव महतो | भवानी महतो,महोत्तरी,१८२०७१/५५० | सर्जुग महतो/थाहा नभएको |
| १५ | गौशाला | ललिया देबी,महोत्तरी,१२५९२५४२ | मनु कुमार यादब/गुदर राय यादब | बेचनी देबी यादब,महोत्तरी,१८३०६७/८०१ | राम मनोहर यादब/गुदर राय यादब | मनु कुमार यादब,महोत्तरी,१२९४१५७२ | गुदर राय यादब/सुरज राय यादब |
| १६ | गौशाला | बसन्ती देबी,महोत्तरी,१८३०६७/१०५२ | श्रीदेव सिंह/ब्रहम्देव सिंह | शिला देबी,महोत्तरी,१८३०६७/११५१ | राजदेव सिंह दनुवार/सुरज सिंह दनुवार | श्रीदेव सिंह, महोत्तरी,१२५९२३१९ | ब्रहम्देव सिंह/थाहा नभएको |
| १७ | गौशाला | पारवती कुमारी,महोत्तरी,४६४४२२५२ | बिशेश्वर सहनी/राजेन्द्र सहनी | पुनम देबी,महोत्तरी,४८०६ | रामजिनिस साह रौनियार/असर्फि साह रौनियार | बिशेश्वर सहनी,महोत्तरी,१८३०५३/१६९ | राजेन्द्र सहनी/थाहा नभएको |
| १८ | गौशाला | फुलो देबी,महोत्तरी,१२५९३०६८ | राम जी साह तेली/अनुप साह तेली | सतिया देबी,महोत्तरी,१८३०६७/२६९ | फेकुवा साह कानु/बतहु साह कानु | राम जी साह तेली,महोत्तरी,१२९३२६२८ | अनुप साह तेली/थाहा नभएको |
| १९ | गौशाला | फुलो देबी,महोत्तरी,१८२०६७/३७६ | राम चन्द्र राउत बरै/सोनिया राउत | रामकली देबी यादब,महोत्तरी,१८३०६७/९२९ | गोपी राय यादब/सोभीत राय यादब | राम चन्द्र राउत बरै,महोत्तरी,४६६७१०२४ | सोनिया राउत/थाहा नभएको |
| २० | गौशाला | सुनिता देबी,महोत्तरी,१८३०५१/५६० | सुरेन्द्र यादब/श्री किसुन राय | चुन्नु कुमारी श्रेष्ठ, महोत्तरी,८६४४०३७६ | चन्द्र बहादुर श्रेष्ठ/कृष्ण बहादुर श्रेष्ठ | सुरेन्द्र यादब,महोत्तरी,४६४४३१३९ | श्री किसुन राय/थाहा नभएको |
| २१ | गौशाला | ललिता महरा,महोत्तरी,१७३०९७/१०९१ | मोहित महरा/महेन्द्र महरा चमार | कुसमी देबी महतो कोइरी,महोत्तरी,१८३०५३/१२१५ | राजन महतो/जदु महतो | महेन्द्र महरा चमार,महोत्तरी,९१०९१२९९ | राम असिस महरा थाहा नभएको |
| २२ | सुखड | जसमा देबी सिंह,कैलाली,२२६९३ | शेर बहादुर सिंह/दोकल ब. सिंह | सुनीता नेपाली,कैलाली,६७-०१-७१-०६१६३ | राज कुमार नेपाली/डम्बर बहादुर नेपाली | शेर बहादुर सिंह,कैलाली,१४९५३(बझाङ) | दोकल बहादुर सिंह/थाहा नभएको |
| २३ | सुखड | जानकी शाही,कैलाली,६७-०१-७१-०६१६३ | लाल बहादुर शाही/दिल बहादुर शाही | जसमा देबी सिंह,कैलाली,२२६९३ | शेर बहादुर सिंह/ढोकल बहादुर सिंह | लाल बहादुर शाही,कैलाली,४७६९ | दिल बहादुर शाही/थाहा नभएको |
| २४ | अमरगढी | जानकी बाहुन,डडेलधुरा,७४-०१-६९-०१५२५ | खगराज बाहुन/गोविन्द बाहुन | कलापती बुढाऐर(ऐर),डडेलधुरा,७४-०१-६९-०२५१८ | रतन सिंह ऐर/रामी ऐर | खग राज बाहुन,डडेलधुरा,१९/१६१११ | गोविन्द बाहुन/थाहा नभएको |
| २५ | अमरगढी | नरेन्द बहादुर पाण्डे,डडेलधुरा,३२० | किर्ति बहादुर पाण्डे/हरिलाल पाण्डे | रामेश्वरी कुमारी बोहरा,डडेलधुरा,७४३०१३।९४१ | पदम सिंह बोहरा/थाहा नभएको | यसोदा देवी पाण्डे,डडेलधुरा,७४३००१।३५० | नरेन्द बहादुर पाण्डे/किर्ति बहादुर पाण्डे |
| २६ | अमरगढी | धनवीर ऐर,डडेलधुरा,२८२ | हरी ऐर/नरी ऐर | नभएको | नभएको | मान बहादुर ऐर,डडेलधुरा,४७८ | लालमणी ऐर/थाहा नभएको |
| २७ | अमरगढी | हरीना देवी कैनी(पार्की),डडेलधुरा,१०५३ | संजोग कैनि(पार्की)/टिका पार्की | नभएको | नभएको | संजोग कैनि(पार्की),डडेलधुरा,५६ | टिका पार्की/कल्याण पार्की |
| २८ | अमरगढी | पार्वती देवि विष्ट,डडेलधुरा,७४-०१-७३-०२३४१ | इन्द्र बहादुर विष्ट/विर बहादुर विष्ट | नभएको | नभएको | इन्द्र बहादुर विष्ट,डडेलधुरा,२२२३ | विर बहादुर विष्ट/वालकृष्ण विष्ट |
| २९ | अमरगढी | ममता कुमारी ताम्राकार,डडेलधुरा,७४-०१-७३-०२९०७ | बिपीन ताम्राकार/राजेन्द्र ताम्राकार | ललीता ताम्राकार,डडेलधुरा,७४-०१२०३-०२५९३ | भुपेन्द्र ताम्राकार टमटा / गणेश टमटा | विपीन ताम्राकार,डडेलधुरा,७४-०१-७०-०१०५१ | राजेन्द्र ताम्राकार/जोगी टमटा |
| ३० | अमरगढी | कलावती पार्की,डडेलधुरा,११३२ | राज पार्की/पदमे पार्की | कौशिला देवि पार्की,डडेलधुरा,८४२ | रमेश बहादुर पार्की/घुइरे पार्की | राज पार्की,डडेलधुरा,८८७ | पदमे पार्की/हरुवा पार्की |
| ३१ | अमरगढी | सरस्वती टमटा,डडेलधुरा,१२०९ | विरेन्द्र टमटा/शेर बहादुर टमटा | बिमला देवि टमटा,डडेलधुरा,७४३००१।७६३ | डम्मर बहादुर ताम्राकार/चुनुवा ताम्राकार | विरेन्द्र टमटा,डडेलधुरा,१२०८ | शेर बहादुर टमटा/थाहा नभएको |
| ३२ | अमरगढी | श्रीमति बिस्ना देवि ओड,दार्चुला,६१५ | मनि राम ओड/जसवीर वोड | आशाा टमोटा,डडेलधुरा,७४-०१-७३-०१७७८ | राज टमोटा/हरुवा टमोटा | आशेर वि.सी,डडेलधुरा,७४-०१-७३-०२१५९ | मनिराम ओड/जसवीर वोड |
| ३३ | अमरगढी | ईन्द्रा देवी टमटा,डडेलधुरा,७४१००१/९४० | लक्ष्मी टमटा/हरवीर टमटा | यशोदा ताम्राकार,डडेलधुरा,७४१००१/६१० | सुरेश ताम्राकार/दलजित टमटा | लक्ष्मी टमटा,डडेलधुरा,९० | हरविर टमटा/धौले टमटा |
| ३४ | अमरगढी | कलावती देवी टमटा,डडेलधुरा,७४१००१/१५४८ | हरदेव टमटा/भगी टमटा | यशोदा ताम्राकार,डडेलधुरा,७४१००१/६१० | सुरेश ताम्राकार/दलजित टमटा | हरदेव टमटा,डडेलधुरा,१७८५ | गोपी टमटा/जया सिं टमटा |
| ३५ | अमरगढी | जुनकिडि देवी भुल,डडेलधुरा, ७४१००३/१४० | गमुवा भुल/बीरभान भुल | नर्पदा कुमारी भुल,डडेलधुरा, ७३८ | कर्ण बहादुर सार्की/कल्याण भुल | जोगेनी देवी भुल,डडेलधुरा,७४३००३/४३८ | भिम बहादुर भुल/हरुवा भुल |
| ३६ | अमरगढी | बिमला देवी थापामगर,डडेलधुरा,७४३०१०/२५ | हिमालय थापा/खन बहादुर थापामगर | पशुपति तामाङ,डडेलधुरा,७४-०१-७३-०२६४२ | राजन तामाङ/सस्त बहादुर तामाङ | नरेस कुमार थापा,डडेलधुरा,७४५ | खन बहादुर थापामगर/थाहा नभएको |
| ३७ | अमरगढी | सारीका ताम्राकार,डडेलधुरा,७४-०१-७५-०१७१६ | शेर ताम्राकार/हरिकृष्ण टमोटा | सिता ताम्राकार,डडेलधुरा,७४-०१-७३-०२८६८ | बिनोद ताम्राकार/पदम ताम्राकार | बिन्द्रा देवि टमटा,डडेलधुरा,१२२२ | हरिकृष्ण टमटा/जंजाली टमटा |
| ३८ | बेलौरी | मुनिया राना,कञ्चनपुर,७५१०१७/६३८ | मदन राना/फुलुवा राना | एकेश्वरी राना,कंचनपुर,७५२०१७/४३ | अर्जुन राना/लोहारी राना | मदन राना,कंचनपुर,७५२०१७ /१४२ | फुलुवा राना/थाहा नभएको |
| ३९ | बेलौरी | पानमतो राना,कञ्चनपुर,६५१/८१ | निष्पत राना/जोगो राना | मदन राना,कंचनपुर,७५२०१७/१४२ | फुलुवा राना/थाहा नभएको | निष्पत राना,कञ्चनपुर,८४९६०४४९ | जोगा राना/थाहा नभएको |
| ४० | बेलौरी | मानकुमारी चौधरी,कञ्चनपुर,४६६ | रामलाल चौधरी/भागीराम चौधरी | माया देबी चौधरी,कंचनपुर,५४४२८१५३ | छबिलाल चौधरी/रतिराम चौधरी | रामलाल चौधरी,कञ्चनपुर,१९४/६१ | भागीराम चौधरी/थाहा नभएको |
| ४१ | बेलौरी | शुष्मा लामीछाने (सुनार), कञ्चनपुर,७५-०४-१५७ | रमेश सुनार/मुरली बि.क | श्रीया नेपाल लामीछाने बि.क,कंचनपुर, ७५२०२२/१२०६ | सागर बिश्वकर्मा/चन्द्र मोहन बिश्वकर्मा | रमेश सुनार,पर्वत, ४०२११ | मुरली बि.क/थाहा नभएको |
| ४२ | बेलौरी | रामपति राना,कञ्चनपुर,१७९२२४ | कर्मलाल राना थारु/धगे राना थारु | कान्छी चौधरी,कंचनपुर,७५३०१८/१५५६ | खुसीरा चौधरी/कालीराम चौधरी | अभिषेक राना,कञ्चनपुर,७५-०१-७८-०९४११ | लाल सिंग राना/थाहा नभएको |
| ४३ | बेलौरी | बेलमति चौधरी,कञ्चनपुर,७५-०२-७५-०५६६२ | प्रदेशु चौधरी/फागुराम चौधरी | माया देबी चौधरी,कंचनपुर,७५३०१८/१०४१ | छबिलाल चौधरी/रतिराम चौधरी | प्रदेशु चौधरी,कञ्चनपुर,७५३०१८/१०४१ | फागुराम चौधरी/थाहा नभएको |
| ४४ | बेलौरी | सिता चौधरी,कञ्चनपुर,७५३०१८/८३३ | सुन्दर लाल चौधरी/पदम बहादुर चौधरी | मोहन चौधरी,कंचनपुर,७५३०१८/२८ | देशु चौधरी/थाहा नभएको | सुन्दर लाल चौधरी,कञ्चनपुर,४/९७४ | पदम बहादुर चौधरी/थाहा नभएको |
| ४५ | बेलौरी | गिता राना,कञ्चनपुर,७५१०१२/२५९२३ | बच्चन सिंह राना/सन्धु राना | मुन्नी राना,कंचनपुर,७५१०१२/२३००८ | सरदार राना/सन्धुराम राना | जनता राना,कञ्चनपुर,७५३०१२/१८४५ | भन्सु राना/थाहा नभएको |
| ४६ | बेलौरी | सुस्मीता तिरुवा,कञ्चनपुर,७५१०१७/५५३ | राज कुमार तिरुवा/बहादुर तिरुवा | छबिला देबी राना,कंचनपुर,७५४०१७/२७७ | सोनु राना/बिरेन्द्र राना | राज कुमार तिरुवा,कञ्चनपुर,७५२०१७/२१० | बहादुर तिरुवा/थाहा नभएको |
| ४७ | बेलौरी | मेलिना राना, कञ्चनपुर,७५-०१-७४-०२५८६ | नारायण राना/हरि राना | पार्वति कुमारी राना,कंचनपुर,७५०१६९०५३४४ | राजकुमार राना/बक्सा राना | ईशाक राना,कञ्चनपुर,७५-०१-७७-०५५०३ | हरि राना/थाहा नभएको |
| ४८ | बेलौरी | राम कुमारी राना,कञ्चनपुर,७५१००६/२००७८ | राम बहादुर राना/चैन मैन राना | बिन्दु देबी तिरुवा,कंचनपुर,७५२०१७/४१ | हरि बहादुर तिरुवा/मान बहादुर कामी | छबिला देबी राना,कञ्चनपुर,७५३०१७/२७७ | बिरेन्द्र राना/थाहा नभएको |
| ४९ | बेलौरी | माया चन्द,कञ्चनपुर,७५१०१३/४५०४ | बिक्रम चन्द/गम्भीर चन्द ठकुरी | कमला रिजाल,कंचनपुर,७६९ | दिवान सिंग बिष्ट/राम सिंग बिष्ट | बिशाल चन्द,कञ्चनपुर,७५-०२-७६-०८७२१ | प्रकाश चन्द/थाहा नभएको |
| ५० | बेलौरी | कुमारी चन्द्रकला चन्द,कञ्चनपुर,५६२ | राजेन्द्र चन्द/सुन्दर चन्द | कमला रिजाल,कंचनपुर,७६९ | दिवान सिंग बिष्ट/राम सिंग बिष्ट | राजेन्द्र चन्द,कञ्चनपुर,१४२२ | सुन्दर चन्द/थाहा नभएको |
| ५१ | बेलौरी | सिता चौधरी,कञ्चनपुर,७५-०५-०१० | महङ्ग लाल चौधरी/लक्ष्मन डगौरा | सुशिला चौधरी,कंचनपुर,७५२०१८/२५७१ | रमेश चौधरी/बासुदेब चौधरी | महङ्ग लाल चौधरी,कञ्चनपुर,१७४०९६ | लक्ष्मन डगौरा/थाहा नभएको |
| ५२ | बेलौरी | बन्दना कुमारी खत्री ऐरी, कञ्चनपुर,७५३०१८/६३४ | सन्तोष सिंग ऐरी/बहादुर सिंग ऐरी | आशा देबी खड्का,कंचनपुर,७५२०१६/३३० | किसान सिंह खड्का/शोभान सिंह खड्का | पशुपति खड्का,कञ्चनपुर,७५२०१८/१४८८ | शंकर खड्का/थाहा नभएको |
| ५३ | बेलौरी | तुलसी देबी खड्का,कञ्चनपुर,१५५७/०४४ | प्रेम बहादुर खड्का/दिल बहादुर खड्का | आशा देबी खड्का,कंचनपुर,७५२०१६/३३० | किसान सिंह खड्का/शोभान सिंह खड्का | बिष्णु देबकोटा,कञ्चनपुर,७५३०१८/४२० | रमेश देबकोटा/थाहा नभएको |
| ५४ | बेलौरी | सिमा देबी कार्की,कञ्चनपुर,९९८ | आश बहादुर कार्की/पुनाराम कार्की | अशोक कुमार थापा,कंचनपुर,१७०९६६ | कुल बहादुर थापा/थाहा नभएको | दिप्ती कार्की,कञ्चनपुर,७५२०२१/७२०१ | आश बहादुर कार्की/थाहा नभएको |
| ५५ | बेलौरी | बिष्णु मगर,कञ्चनपुर,७५२०२०/१५२१ | बुद्धि बहादुर मगर/कर्ण बहादुर मगर | दिल कुमारी तामाङ्ग,कंचनपुर,१६२६०४ | रमेश बहादुर तामाङ्ग/बन्दो चै तामाङ्ग | हिमाल मगर,कञ्चनपुर,७५२०२०/६१४४ | कर्ण बहादुर मगर/थाहा नभएको |
| ५६ | बेलौरी | गिता भट्ट,कञ्चनपुर,१७७७८६ | अर्जुन चन्द/दिवान सिंग चन्द | सन्जना तामाङ्ग,कंचनपुर,७५२००२/८६३ | मंग बहादुर/सुन बहादुर तामाङ्ग | अमृता देबी भट्ट,कञ्चनपुर, १८३ | हरि प्रसाद भट्ट/थाहा नभएको |
| ५७ | बेलौरी | मिठु तामाङ्ग,कञ्चनपुर,७५२२२४/०४४ | आईत बहादुर तामाङ्ग/छिलमान तामाङ्ग | आशा कुमारी तामाङ्ग,कंचनपुर,१७१८६३ | बे बहादुर तामाङ्ग/साइला तामाङ्ग | आईत बहादुर तामाङ्ग,कञ्चनपुर, १३० | छिल मान तामाङ्ग/थाहा नभएको |
| ५८ | दलदले | भिखन कुमारी महतो,नवलपरासी,३६३०२५/१८८ | दोलाराम महतो/सिखाराम महतो | यन कुमारी थनेत चौधरी,नवलपरासी,३६३०२५/८३ | दुलामणी थनेत चौधरी/हरी प्रसाद चौधरी | दोलाराम महतो,नवलपरासी,ई ४५५४४ | सिखाराम महतो/थाहा नभएको |
| ५९ | दलदले | लक्ष्मी तमाङ,नवलपरासी,३६३०१४/४४३ | शुक बहादुर तमाङ(लामा)/नर बहादुर तमाङ | कृष्णा देवी राना,नवलपरासी,३६२०३४/३६४८ | टिकाराम आले मगर/लाल बहादुर मगर | दिप्ति तमाङ,नवलपरासी,७७-०१-७८-०३८८१ | शुक बहादुर तमाङ(लामा)/नर बहादुर तमाङ |
| ६० | दलदले | कृष्णा देवी राना,नवलपरासी,३६२०३४/३६४८ | टिकाराम आले मगर/लाल बहादुर मगर | कल्पना बुढाथोकी,नवलपरासी,३९७१० | राजेन्द्र बुढाथोकी/भीम बहादुर बुढाथोकी | रोहित आले,नवलपरासी,३६२०११/६४१० | सन्त बहादुर मगर/थाहा नभएको |
| ६१ | दलदले | मिना कुमारी बि.क.,नवलपरासी,६६७४६ | मंगले बि.क./मन विर बि.क. | लक्ष्मी खड्का,नवलपरासी,३६२००८/७७९ | यम बहादुर खड्का/कर्ण बहादुर खड्का | सोम प्रकाश बि.क.,नवलपरासी, ३६३०१४/१८६ | मंगल बहादुर बि.क./मन बिर बि.क. |
| ६२ | दलदले | सरस्वती देवी मल्ल,स्याङ्जा,२८५८५/७८५२ | जित बहादुर मल्ल/सोम बहादुर मल्ल | नुरनिशा मिया,नवलपरासी,४५१६/८१२२१ | जुमादिन मिया/तसरदिन मिया | सुनचरी कुमाल,नवलपरासी,टो ६/५१६ | सुक्र बहादुर कुमाल/थाहा नभएको |
| ६३ | दलदले | होमकला ठकुरी,नवलपरासी,५७४९८ | शुक्रराज ठकुरी/डोल राज ठकुरी | रिखिसरा राई मगर,नवलपरासी,३२३६ | बम बहादुर गाहा मगर/मित्र बहादुर गाहा मगर | शुक्रराज ठकुरी,नवलपरासी, १४३८१ | डोल राज ठकुरी/थाहा नभएको |
| ६४ | दलदले | सञ्जिता ठाडा (राना) मगर,नवलपरासी, ३६२०१७/२६५ | खगेन्द्र राना/चन्द्र सिंह राना | बुद्धिमाया ठाडा दर्लामी मगर,नवलपरासी,३६२०१७/२०८ | सुन बहादुर दर्लामी मगर/बल बहादुर दर्लामी मगर | खगेन्द्र राना,नवलपरासी,३६२०१०/६८१ | चन्द्र सिंह राना/थाहा नभएको |
| ६५ | दलदले | लिला गुरुङ्ग,नवलपरासी,३६३०२८/३४३ | पिताम्बर गुरुङ्ग/हस्त बहादुर गुरुङ्ग | धनिसरा आले मगर,नवलपरासी,३६७/२१५३५ | देउ सिं आले मगर/पदम बहादुर आले | पिताम्बर गुरुङ्ग,नवलपरासी,ई ३४८६ | हस्त बहादुर गुरुङ्ग/जस बहादुर गुरुङ्ग |
| ६६ | दलदले | माया तामाङ्ग,नवलपरासी,७/३१२८ | विर बहादुर तामाङ्ग/सिताराम तमाङ | नभएको | नभएको | वीर बहादुर तमाङ,चितवन,४७२ | सिताराम तमाङ/रण बहादुर तमाङ |
| ६७ | दलदले | विष्णुमाया गौतम,चितवन,३५३०२५/७९ | विष्णु प्रसाद तिमिल्सेना/यानु प्रसाद तिमिल्सेना | सिता घर्ति,नवलपरासी,३६२००७/५३५ | नेत्र बहादुर घर्ति/खड्ग बहादुर घर्ति | सुजता गौतम,चितवन,४६८६३ | दुर्गा प्रसाद गौतम/थाहा नभएको |
| ६८ | हेटौडा | सुर्य कुमारी लामा,मकवानपुर,५२/६७८ | गजेन्द्र प्रसाद श्रेष्ठ/ईन्द्र प्रसाद श्रेष्ठ | सृजना श्रेष्ठ,काभ्रे,११९०२३ | सप्तलाल श्रेष्ठ/थाहा नभएको | गजेन्द्र प्रसाद श्रेष्ठ,मकवानपुर,२४०५६ | ईन्द्र प्रसाद श्रेष्ठ/बाबुलाल |
| ६९ | हेटौडा | मिरा माया बुलोन,मकवानपुर,३१३०२९/८५ | सानु कान्छा बुलोन/लाल बहादुर बुलोन | काजल गोले,मकवानपुर,३१-०१-७२-०५७०२ | श्याम कुमार गोले/कान्छाराम गोले | सानु कान्छा बुलोन,मकवानपुर,३९४६ | लाल बहादुर बुलोन/सुन्दर बहादुर बुलोन |
| ७० | हेटौडा | रुपा उप्रेती,मकवानपुर,३११०२२/९८३६ | अमृत उप्रेती/प्रकाश उप्रेती | सजना तामाङ्ग,मकवानपुर,३१३०१५/३४९ | याङ दोर्जे तामाङ्ग/जय बहादुर तामाङ | अमृत उप्रेती,मकवानपुर,३११०२२/४३०१३ | प्रकाश उप्रेती/थाहा नभएको |
| ७१ | हेटौडा | काजल वि.क.,मकवानपुर,३१-०१-७४-१२२८७ | प्रकाश सुनार/चन्द्र बहादुर सुनार | सकुनी सुनार,मकवानपुर,३१३०२३/२०८६ | धिरज श्रेष्ठ/दामोदर कुमार श्रेष्ठ | प्रकाश सुनार,मकवानपुर,३१-०१-७४-१२२८७ | चन्द्र बहादुर सुनार/गणेश बहादुर सुनार |
| ७२ | भण्डारा | अम्बीका पर्जा,मकवानपुर,४६९८ | कृष्णहरी पर्जा/उदय बहादुर प्रजा | सिमानी प्रजा,मकवानपुर,३०/१०६९ | राजमजी प्रजा/सोमदास प्रजा | शोभा प्रजा,मकवानपुर,३११०२०/८७३४४ | नन्दलाल प्रजा/थाहा नभएको |
| ७३ | भण्डारा | सविता वम्जन,मकवानपुर,३११०१९/३२४०४ | भ्रुते सिं वम्जन/शुभलाल वम्जन | अमृता तामाङ्ग,मकवानपुर,३५१०००/६८७ | सुवाश तामाङ्ग/प्रेम बहादुर तामाङ्ग | विराज वम्जन,मकवानपुर,३१-०१-७०-०५५५४ | भ्रुत्ते सिं वम्जन/शुभलाल वम्जन |
| ७४ | भण्डारा | सेती विश्वकर्मा,चितवन,३५८७९/०४६ | हिरालाल विश्वकर्मा/श्यामलाल विश्वकर्मा | देबी गोले,चितवन,३५३०८/३५८ | जितमान गोलेरजयराम गोले | हिरालाल विश्वकर्मा,चितवन,२९०३ | श्यामलाल विश्वकर्मा/थाहा नभएको |
| ७५ | भैरहवा | सिमा घर्ति थापा गुरुङ्ग,रुपन्देही,३७-०१-७३-००४८५ | प्रेम गुरुङ्ग/कालु गुरुङ्ग | लक्ष्मी मरासङ्गी मगर,रुपन्देही,३७-०१-७०-०१७१० | राम बहादुर मरासङ्गी मगर/मान बहादुर थाजा मगर | सबिना घर्ती थापा,रुपन्देही,३७–०१–७०–१३६१० | अमर घर्ती थापा/याम बहादुर घर्ती थापा |
| ७६ | भैरहवा | सलमा बेगम इराकी,रुपन्देही, ३६५२ | मोहम्मद एजाज इराकी/मुहम्मद जुम्मन मुसलमाल | साबिया फातमा,रुपन्देही,३७-०१-७१-०८२०२ | रिजवान अहमद/मोहम्मद जुम्मन मुसलमाल | मोहम्मद एजाज इराकी,रुपन्देही,९३६६ | मोहम्मद जुम्मन मुसलमाल/थाहा नभएको |
| ७७ | भैरहवा | साबिया फातमा,रुपन्देही,३७-०१-७१-०८२०२ | रिजवान अहमद/मोहम्मद जुम्मन मुसलमाल | सलमा बेगम इराकी,रुपन्देही,३६५२ | महम्मद एजाज/महम्मद जुम्मन | रिजवान अहमद,रुपन्देही,२०४३१ | मोहम्मद जुम्मन मुसलमाल/थाहा नभएको |
| ७८ | भैरहवा | मीना कुंवर,रुपन्देही,३७१०२३/४१७१९ | रण बहादुर कुंवर/लोक बहादुर कुंवर | बर्षा घिमिरे,रुपन्देही,२/३२३६३ | कृष्ण घिमिरे/माधव प्रसाद घिमिरे | राजु थापा क्षेत्री,रुपन्देही,३७३०२४/४६५ | सुरेश थापा क्षेत्री/थाहा नभएको |
| ७९ | भैरहवा | रचना तुलाधर,पाल्पा,६२२२२ | नारायण तुलाधर/गणेश तुलाधर | सुनिता कुमारी श्रीवास्तव,रुपन्देही,१५७२३ | संजय कुमार श्रीवास्तव/कृष्ण बिहारी लाल श्रीवास्तव | रोजिना तुलाधर,रुपन्देही,३७-०१-७६-०१९३३ | नारायण तुलाधर/गणेश तुलाधर |
| ८० | भैरहवा | माया कुमारी गुप्ता,रुपन्देही,३७१०२३/४८५६४ | बृजेश कुमार गुप्ता/जगन्नाथ गुप्ता | रन्जु पछाई,रुपन्देही,५३४९ | टेक बहादुर पछाई/लाल बहादुर पछाई | बृजेश कुमार गुप्ता,दाङ,१३१/४९१ | जगन्नाथ गुप्ता/छोटे लाल गुप्ता |
| ८१ | भैरहवा | सुनिता कुमारी श्रीवास्तव,रुपन्देही, १५७२३ | संजय कुमार श्रीवास्तव/कृष्ण बिहारी लाल श्रीवास्तव | बिन्दु कर्ण,महोत्तरी,२३८ | उपेन्द्र नाथ मल्लिक/बुद्धि नाथ कर्ण | संजय कुमार श्रीवास्तव,कपिलबस्तु,१३८४६ | कृष्ण बिहारी लाल श्रीवास्तव/थाहा नभएको |
| ८२ | भैरहवा | राम कुमारी गुरुङ्ग,रुपन्देही,९८८५ | सुनिल गुरुङ्ग/नेवार गुरुङ्ग | कमला गुरुङ्ग,रुपन्देही,८५०९१ | मिन बहादुर गुरुङ्ग/टेक बहादुर गुरुङ्ग | सुनिल गुरुङ्ग,रुपन्देही,६२००७ | नेवार गुरुङ्ग/थाहा नभएको |
| ८३ | भैरहवा | समिमा खातुन,रुपन्देही,३७१०२३/३३२२८ | हसन रजा साई/अब्दुल सालिक साई | सुभावती अहिर,रुपन्देही,८८९ | मिठाई लाल अहिर/छोटु अहिर | हसन रजा साई,रुपन्देही,८१९ | अब्दुल सालिक साई/ थाहा नभएको |
| ८४ | भैरहवा | राबिया खातुन,रुपन्देही,३७१०२३/२/३३२८५ | हजदार मिया/हकिकुल्लाह मिया | सुभावती अहिर,रुपन्देही,८८९ | मिठाई लाल अहिर/छोटु अहिर | हजदार मिया,रुपन्देही,३७३०२३/१९ | हकिकुल्लाह मिया/थाहा नभएको |
| ८५ | भैरहवा | प्रेम कुमारी गुरुङ्ग,रुपन्देही,२१३०४ | रुद्र बहादुर थापा/कृष्ण बहादुर थापा | राधा गुरुङ्ग, रुपन्देही,५६११ | श्री प्रसाद गुरुङ्ग/नरसुङ्ग गुरुङ्ग | सुमित थापा,रुपन्देही,३७१०२३/२३७९० | रमेश थापा मगर/थाहा नभएको |
| ८६ | भैरहवा | निर्मला सुनुवार,चितवन,३६४१११६९ | बाल कुमार सुनुवार/मान ब. सुनुवार | रसना खाती,रुपन्देही,२३११८ | इन्द्र राना/अमर बहादुर राना | बाल कुमार सुनुवार, सर्लाही, ३६५१११४० | मान ब. सुनुवार थाहा नभएको |
| ८७ | नारायण | अनिता थापा बि सि,दैलेख,६३-०१-७१-०१८८२ | रमेश बहादुर बि सि/नन्द बहादुर बोहोरा | अस्मिता लम्साल,दैलेख,६३०४५/०५ | कृष्ण प्रसाद अधिकारी/भक्ती प्रसाद अधिकारी | रमेश बहादुर बि सि,दैलेख,६३१०३५/८३ | नन्द बहादुर बोहोरा/थाहा नभएको |
| ८८ | नारायण | कल्पना बस्नेत,जाजरकोट,६२-०१-७३-०३९४६ | डम्बर बहादुर सिंह/बिर बहादुर सिंह ठकुरी | जगति हमाल,दैलेख,१००३/१६७ | हस्त बहादुर हमाल/नन्दलाल जैसि | डम्बर बहादुर सिंह,दैलेख,६३१००१/१८५५ | बिर बहादुर सिंह/थाहा नभएको |
| ८९ | नारायण | जैकला शाहि,दैलेख,१२७ | गुमान शाही/गम्बे शाही | लक्ष्मी शाही,दैलेख,६३३०२३/५४ | जिबन कुमार शाही/लाल बहादुर शाही | जगत बहादुर शाही,दैलेख,३२१ | भिम बहादुर शाही/थाहा नभएको |
| ९० | नारायण | चन्द्रा पन्त,कञ्चनपुर,५७८००३५८ | याम बहादुर मल्ल/हरि बहादुर मल्ल | शुभद्रा श्रेष्ठ,दैलेख,६६/२२३ | रत्न बहादुर श्रेष्ठ/सुरत बहादुर श्रेष्ठ | याम बहादुर मल्ल,दैलेख,१०७२ | हरी बहादुर मल्ल/थाहा नभएको |
| ९१ | नारायण | गोरि मेदासि,दैलेख,८९००१/७६३ | राम बहादुर मेदासि/चक्र बहादुर मेदासी | धन कुमारी मेदासी ठकुरी,दैलेख,६३-०१-७१-००३६७ | ईश्वर मेदासी ठकुरी/तिर्थ बहादुर मेदासी ठकुरी | राम बहादुर मेदासी,दैलेख,१६०६ | चक्र बहादुर मेदासी/थाहा नभएको |
| ९२ | नारायण | अमृता माझी,सिन्धुली,२०१०२८/३१३/२६ | राज बहादुर थापा/कर्ण बहादुर थापा | धन कुमारी मेदासि,दैलेख,६३-०१-७१-००३६६ | तुलाराम शाही/गोर्बधन थापा | राज बहादुर थापा,दैलेख,१०३६/१३ | कर्ण बहादुर थापा/थाहा नभएको |
| ९३ | नारायण | कृष्णा जैसि,दैलेख,६३३०४२/२२४ | नमराज जैसि/प्रभाकर जैसि | राम कुमारी थापा,दैलेख,२९११ /२०३५ | जय बहादुर थापा/बल बहादुर थापा | जय बहादुर थापा,दैलेख,१६२ | बल बहादुर थापा/नैन सिंह खड्का |
| ९४ | नारायण | आशा श्रेष्ठ,दैलेख,९७३४६/२१८७ | बिक्रम राज श्रेष्ठ/सुरेन्द्र राज श्रेष्ठ | सरस्वती श्रेष्ठ,दैलेख,९१७ | डिल बहादुर श्रेष्ठ/गोविन्द प्रसाद श्रेष्ठ | बिक्रम राज श्रेष्ठ,दैलेख,९१३३९२/१०६६ | सुरेन्द्रराज श्रेष्ठ/थाहा नभएको |
| ९५ | नारायण | छाया सिं (श्रेष्ठ),दैलेख,६३-०१-६९-०२१२४ | बिरेन्द्र कुमार श्रेष्ठ/गणेश बहादुर श्रेष्ठ | मिरा कुमारी देउजा,दैलेख,१२९ | कमल बहादुर देउजा/मदन बहादुर देउजा | अन्जली श्रेष्ठ,दैलेख,६३-०१-७७-०३४०५ | बिरेन्द्र कुमार श्रेष्ठ/गणेश बहादुर श्रेष्ठ |
| ९६ | नारायण | धर्मशिला जैसि,दैलेख, १५२४ | जय प्रसाद जैसि/हरि शर्मा जैसि | कृष्णा कुमारी खड्का,दैलेख,६३३००१ /७४२ | इन्द्र बहादुर खड्का/प्रेम बहादुर खड्का | जयलाल जैसि,दैलेख,६३१००२/१४२ | हरि शर्मा जैसि/थाहा नभएको |
| ९७ | परवानीपुर | कलीमा देवानीन,पर्सा, ५३१११०६० | अैनुलहक देवान/फकरोदिन देवान | नबियन खातुन,पर्सा,१७७३ | एसिम मिया/हाकिम मिया अन्सारी | अैनुलहक देवान,पर्सा,५३१११०४१ | फकरोदिन देवान/मो साहेव देवान |
| ९८ | परवानीपुर | वादरुल नेशा,पर्सा,३४३०४५/३ | हदिश खांन/भोला खांन | सैमा खातुन,पर्सा,५३१११७९५ | हफिज अंसारी/इस्माईल मिया | हदिस खांन,पर्सा,३४३०४५/८५ | भोला खांन/सदिक खांन |
| ९९ | परवानीपुर | कुसुम कुमारी देवी,बारा,१४८०/०५९७ | भगवान राउत कुर्मी/भोला राउत कुर्मी | जोनिया देवी,बारा,१३५०/१३८७ | लक्ष्मी साह तेली/नथुनी साह तेली | राजन कुमार पटेल,बारा,३३-०१-७२(०७८०९ | भगवान राउत कुर्मी/भोला राउत कुर्मी |
| १०० | परवानीपुर | संध्या देवी दुसाद, बारा,५२६ | अंगद हजरा दुसाद/जगरनाथ हजरा | राजा देवी दुसाद,बारा,२१२९३ | साम देव हजरा दुसाद/भंगि हजरा दुसाद | अंगद हजरा दुसाद,बारा,१२३६/१७७८१८५१ | जगरनाथ हजरा/थाहा नभएको |
| १०१ | परवानीपुर | सिमा देवी,बारा,२५७६/२८६४ | सुरेश साह सोनार/महेन्दर साह सोनार | रामसखि देवी सोनार,बारा,३३१०९८/३७८३ | मुख देव साह/स्व. भुवाली साह | सुरेश साह सोनार,बारा,२२५८/१५६१/२२२८० | महेन्दर साह सोनार/थाहा नभएको |
| १०२ | परवानीपुर | मोनैजा खातुन,पर्सा,३४३०४५/८९ | अलिजान देवान/अैनुलहक देवान | सैमा खातुन,पर्सा,५३१११७९५ | हफिज अंसारी/इस्माईल मिया | अलिजान देवान,पर्सा,५३१११४२७ | अैनुलहक देवान/फकरोदिन देवान |
| १०३ | परवानीपुर | कान्ती देवी अहिर,पर्सा,३६६० | जयनारायण राउत/नथुनी राउत अहिर | मिना देवी अहिरिन,पर्सा, ५३१११६९८ | रामबहादुर राउत/बच्चा राउत | सनोज प्रसाद यादव,पर्सा,३४१०४६/१८५ | जयनारायण राउत/नथुनी राउत अहिर |
| १०४ | परस्पुर | हरिमाया भण्डारी,बर्दिया,१९३०२ | गुमान सिंह भण्डारी/थल बहादुर भण्डारी | मिना कुमारी कडेल,बर्दिया, ६५३०११/१३४ | बल बहादुर कडेल/चन्द्र बहादुर | प्रमोद भण्डारी,बर्दिया,६५-०१-६९-००७७३ | गुमान सिं भण्डारी/थाहा नभएको |
| १०५ | परस्पुर | ईन्द्रा मगर,बर्दिया,६५१०११/९५६ | सुरेश बहादुर मगर/हरिलाल मगर | गंगा सिंह,बर्दिया,२८४०० | मान बहादुर सिंह/विर बहादुर सिंह | अनुप मगर,बांके,६५-०१-७९-००१५५ | सुरेश बहादुर मगर/थाहा नभएको |
| १०६ | परस्पुर | प्रतिभा वुढा मगर,बर्दिया,६५३०११/२० | इन्द्र बहादुर वुढा मगर/जगत बहादुर वुढामगर | खगीसरा भट्टराई,बांके, ६५३०११/७९८ | जिबलाल भट्टराई/धिरलाल भट्टराई | इन्द्र वहादुर वुढा मगर,रुकुम,१०१४३/२८८१ | जगत बहादुर वुढामगर/थाहा नभएको |
| १०७ | परस्पुर | श्रीमती निर्मला देवि अहिर,बांके,३४६ | चन्दी अहीर/मायाराम अहीर | प्रेमा कुर्मी,बांके,१२५ | राम लक्ष्मण कुर्मी/दयाराम कुर्मी | राजेश कुमार यादव, बांके,२६६१७ | चन्दी अहीर/थाहा नभएको |
| १०८ | परस्पुर | मिरा गुरुङ्ग,बांके,६६१०३९/३४७ | लोक बहादुर गुरुङ/प्रेम वहादुर गुरुङ | पबि कुमारी मगर,बांके,६६१०३९ /६२ | ईश्वर सिह राना/प्रेम बहादुर राना | लोक बहादुर गुरुङ,बाके, ३०९२ | प्रेम बहादुर गुरुङ/थाहा नभएको |
| १०९ | परस्पुर | बिमला श्रेष्ठ,बांके,१४५५७ | प्रेम बहादुर श्रेष्ठ/महोन श्रेष्ठ | फत्ते कुमारी जैसी,बांके,१०४१८ | कोला राम जैसी/राम बहादुर जैसी | सनिल श्रेष्ठ,बांके,६६-०१-७६-०२९२९ | प्रेम बहादुर श्रेष्ठ/थाहा नभएको |
| ११० | परस्पुर | रुपा राना,बांके,६६१०३९/४१८ | सन्दिप राना/गंगा बहादुर राना | मिना रोका मगर,बांके,१८००१ | देबी लाल रोका मगर/टेक बहादुर रोका मगर | कृष्ण बहादुर गुरुङ्ग,बांके,१४८६७ | केशर बहादुर गुरुङ्ग/थाहा नभएको |
| १११ | परस्पुर | राधिका सिंह,बर्दिया,६५३०११/८०२ | प्रताप सिंह/हिमा सिंह | गंगा सिंह,बर्दिया,२८४०० | मान बहादुर सिंह/बिर बहादुर सिंह | गंगा सिंह,बर्दिया,६५-०१-७५-०५३५१ | प्रताप सिंह/थाहा नभएको |
| ११२ | परस्पुर | जिवन गुरुङ्ग,बांके,२०५६३ | कर्ण बहादुर गुरुङ्ग/टिक ब. गुरुङ्ग | मना रोका मगर,बांके, १८००१ | देबी लाल रोका मगर/टेक बहादुर रोका मगर | मुकेश गुरुङ्ग,बांके,६६-०१-७७-०२७३० | कर्ण बहादुर गुरुङ्ग/थाहा नभएको |
| ११३ | परस्पुर | सुनीता कुमारी सुनार,बांके,६६१०३८/३०९९ | कृष्ण बहादुर बि.क/दिल बहादुर सुनार | मदन कुमारी थापा मगर,बांके, ९३९ | तेज बहादुर थापा मगर/पदम बहादुर थापा | नकुल दास,बांके,६६३०३५/९१ | सुनिल दास/थाहा नभएको |
| ११४ | परस्पुर | सुकमाया कुमाल,बांके,६६१०३८/८३१ | शोम बहादुर कुमाल/भुसे कुमाल | सुनीता थापा,बांके,११७१५ | राम कुमार थापा/धनराज थापा | सन्दीप कुमाल,बांके,६६-०१-७५-०२७३३ | शोम बहादुर कुमाल/थाहा नभएको |
| ११५ | परस्पुर | तुलसी शाही,बर्दिया,६५३०११/६४४ | राजु शाही/भरत शाही | फुल माया सुनार,बांके, ३३१०६ | छविलाल सुनार/खर्विर सुनार | अमृता शाही,बर्दिया,६६-०१-६९-००४५९ | रोशन शाही/थाहा नभएको |
| ११६ | परस्पुर | रंजीता धिताल,बांके,१४५९ | पदम बहादुर बुढाथोकी/मानबहादुर बुढाथोकी | निशा तिवारी,बांके,६२७२ | राम अधार तिवारी/कन्हैया लाल त्रिपाठी | रुद्रमणी शर्मा,बांके,५०८३ | दयानिधी शर्मा/थाहा नभएको |
| ११७ | परस्पुर | पुनम खत्री,बर्दिया,६५१०१५/१६५४ | भिम बहादुर खत्री/भुपाल खत्री | खेम माया बुढामगर,बांके,५८६ | उमेश बहादुर बुढामगर/हस्त बहादुर बुढामगर | सम्मर बहादुर गाहामगर,सुर्खेत,२९४१३/८१ | बम्ब बहादुर गाहामगर/थाहा नभएको |
| ११८ | परस्पुर | तोता कुमारी थापा,बांके,१४६०४ | डिल बहादुर थापा/धन बहादुर थापा | मधु मगर,बांके,११८३२ | भिम बहादुर मगर/सन्त बहादुर मगर | डिल बहादुर थापा,बांके,९९२८ | धन बहादुर थापा/थाहा नभएको |
| ११९ | परस्पुर | लक्ष्मी आले,बर्दिया,६५३०११/७८० | टेक बहादुर आले/बल बहादुर आले | फुलमाया सुनार,बर्दिया,३३१०६ | छबिलाल सुनार/खर्विर सुनार | टेक बहादुर आले,बर्दिया,२७०९८ | बल बहादुर आले/थाहा नभएको |
| १२० | विजुवार | मिठि देवि घर्ति,प्यूठान,३४८/०४६ | पुर्ण बहादुर घर्ति/दल बहादुर घर्ति | सरस्वती घर्ति,प्यूठान,४८७६४ | इन्द्र बहादुर घर्ति/भिम बहादुर घर्ति | सुनिता घर्ति,प्यूठान,५३-०१-७०-०४५१४ | कमल बहादुर घर्ति/थाहा नभएको |
| १२१ | विजुवार | पार्वता पन्थी,प्यूठान,५३३०४०/३७८ | मिन प्रसाद सुनार/नक बहादुर सुनार | बाटुला धामी,प्यूठान,३८३६८ | गोबिन्द बहादुर धामी/खेतुराम धामी | सुरज पन्थी,प्यूठान,५३-०१-७४-०३४०३ | मिन प्रसाद सुनार/नक बहादुर सुनार |
| १२२ | विजुवार | धनि दमाई,दाङ,४५७०/३११ | राम लाल परियार/धन बहादुर दमाई | बुद्धीमाया राना,प्यूठान, ४८६२३ | जंग बहादुर राना/गोर बहादुर राना | दिलिप परियार,प्यूठान,५३-०१-७६-००२२६ | राम लाल परियार/थाहा नभएको |
| १२३ | विजुवार | मिना परियार,प्यूठान,५३३००१/६४३ | सेते दमाई /टिका बहादुर दमै | सिता घर्ति मगर,प्यूठान,५३-०१-७१-००८१३ | राजन घर्ति मगर/खड्क बहादुर घर्तिमगर | राजन घर्ति मगर,प्यूठान,५३१००१-१०१८ | खड्क बहादुर घर्ति मगर/थाहा नभएको |
| १२४ | विजुवार | सिता घर्ति मगर,प्यूठान,५३-०३-७१-००८१३ | राजन घर्ति मगर/खड्क बहादुर घर्तिमगर | मिना कामी,प्यूठान,५३-०१-७३-०२२०७ | दामे कामी/पोमे कामी | राजन घर्ति मगर,प्यूठान,५३१००१-१०१८ | खड्क बहादुर घर्ति मगर/थाहा नभएको |
| १२५ | पातीचौर | सपना पौडेल क्षेत्री,पर्वत,५११०३१/६५७ | खडक बहादुर पौडेल क्षेत्री/वम बहादुर पौडेल | लक्ष्मी देवी कुंवर,पर्वत,३४१५८ | अर्जुन कुंवर खोटी/जीत बहादुर कुंवर | खडक बहादुर पौडेल क्षेत्री,पर्वत,१५८०४ | वम बहादुर पौडेल/थाहा नभएको |



तस्वीर : सुनिल शर्मा/आर्थिक अभियान

**काठमाडौंको प्रदर्शनीमार्गमा निर्माण भइरहेको नेपाल पुलिस क्लबको नवनिर्मित भवन । यो भवन निर्माण अन्तिम चरणमा पुगेको छ ।**

# नेपाल लाइफको ‘सेल्स ट्रान्सफरमेशन सेसन’ सम्पन्न

काठमाडौं (अस) । जीवन बीमा कम्पनी नेपाल लाइफ इन्स्योरेन्स कम्पनीको एक दिवसीय ‘सेल्स ट्रान्सफरमेशन सेसन’ सम्पन्न भएको छ । काठमाडौंमा आयोजित कार्यक्रममा चालू आर्थिक वर्षको दोस्रो त्रैमासको व्यापार समीक्षा गर्दै आर्थिक वर्ष २०८१/८२ को बाँकी समयावधिको लागि सेल्स रणनीतिको तर्जुमा गरिएको थियो । कार्यक्रममा कम्पनीका सञ्चालक कमलेशकुमार अग्रवाल, प्रमुख कार्यकारी अधिकृत प्रवीणरमण पराजुली, नेशनल सेल्स हेड उमापति पोखरेल लगायत उच्च व्यवस्थापक तथा प्रादेशिक प्रमुखहरूको सहभागिता रहेको थियो ।



कार्यक्रममा सञ्चालक अग्रवालले नेपाल लाइफ जीवन बीमा उद्योगको मार्ग प्रदर्शकको रूपमा रहेको र अहिले हासिल गरेको उपलब्धिभन्दा धेरै माथिको उपलब्धि ल्याउन सक्ने प्रचुर सम्भावना बोकेको बताए । जीवन बीमाको बजारीकरण, सचेतना तथा बीमा बजारको विकास र बीमाको पहुँचलाई आम नागरिकबीच पुऱ्याउन महत्त्वपूर्ण भूमिका निर्वाह गर्नुपर्नेमा उनको जोड थियो ।

प्रमुख कार्यकारी अधिकृत पराजुलीले कम्पनीले आम नेपाली नागरिकबीच अझै पनि बीमासम्बन्धी सचेतना पर्याप्त रूपमा नपुगेको हुँदा बीमा बजारमा सम्भावना रहेको बताए । कम्पनीले इनोभेटिभ प्रोडक्ट मार्केटमा ल्याइरहेको र आगामी दिनमा पनि यस्ता प्रोडक्ट ल्याएर बीमा बजारको विस्तारमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने उनले बताए ।

# ‘चेम्बर एक्स्पोमा कजारिया टाइल्सको उत्कृष्ट सहभागिता’

काठमाडौं (अस) । काठमाडौंमा सम्पन्न ‘कजारिया टाइल्स नेपाल चेम्बर अफ कमर्स एक्स्पो २०२५’मा कजारिया रमेश टाइल्स लिमिटेडले आफ्नो उत्कृष्ट सहभागिता प्रस्तुत गरेको बताइएको छ । नेपाल चेम्बर अफ कमर्सले गत बिहीवारदेखि आइतवारसम्म आयोजना गरेको उक्त एक्स्पोमा विभिन्न कम्पनीका उत्पादन र आविष्कार प्रदर्शन गरिएको बताइएको छ ।

कजारिया रमेश टाइल्स एक्स्पोमा स्टलमार्फत उच्च गुणस्तर र आकर्षक डिजाइनका टाइल्स प्रदर्शनमा राखेको थियो । एक्स्पोमा प्रधानमन्त्री केपी शर्मा ओलीले समेत कजारिया रमेश टाइल्सको स्टलसहित विभिन्न स्टलको अवलोकन गरेको बताइएको छ ।



कम्पनीका निर्देशक सञ्जय अग्रवालले प्रतिष्ठित कार्यक्रमको हिस्सा हुन पाउँदा गर्व गरेको बताए । उनले भने, ‘हाम्रो लक्ष्य गुणस्तर, शैली र उचित मूल्यको संयोजन गर्दै नेपालमा विश्वस्तरीय टाइल्स ल्याउनु हो ।’

रमेश कर्प र भारतको अग्रणी टाइल उत्पादक कजारिया सेरामिक्स लिमिटेडको संयुक्त उद्यम कजारिया रमेश टाइल्स लिमिटेडले नवलपरासीमा नेपालको सबैभन्दा ठूलो टाइल उत्पादन प्लान्ट स्थापना गरेको छ । नेपाललाई टाइल्समा आत्मनिर्भर बनाउने लक्ष्यका साथ आयोजनाले स्थानीय कच्चा पदार्थ प्रयोग गरी वार्षिक ५ लाख २० हजार वर्गमिटर टाइल उत्पादन गर्ने लक्ष्य राखेको बताइएको छ । ४०० करोड नेपाली रुपैयाँ लगानीले अर्थतन्त्रलाई उकास्ने र सुलभ मूल्यमा विश्वस्तरीय कजरिया टाइल्स उपलब्ध गराउने कम्पनीको भनाइ छ । यो प्लान्टले स्थानीय अर्थतन्त्रलाई उकास्दै रोजगारीका अवसर प्रदान गर्ने तथा स्थानीय समुदायको जीवनलाई समृद्ध बनाउने अपेक्षा गरिएको छ ।

# सिद्धार्थ बैंकका ग्राहकलाई सिग्मा डायग्नोस्टिक्समा छूट

काठमाडौं (अस) । सिद्धार्थ बैंक र सिग्मा डायग्नोस्टिक्स ल्याबोरेटरी राधे राधे भक्तपुरबीच बैंकका ग्राहकलाई विभिन्न सेवामा छूट प्रदान गर्नेसम्बन्धी सम्झौता भएको छ ।

सम्झौता अनुसार बैंकका ग्राहकले ल्याबमा बैंकको कार्ड तथा मोबाइल बैंकिङ सेवाबाट भुक्तानी गर्दा इन हाउस ल्याब टेस्टमा ४० प्रतिशतसम्मको छूट प्राप्त गर्न सक्नेछन् । सम्झौताले ग्राहकलाई छूटको सुविधा उपलब्ध गराउनुका साथै नगद कारोबारबाट डिजिटल कारोबारमा जान पनि उत्प्रेरित गर्ने विश्वास बैंकको छ ।

यस समन्वयको बारेमा थप जानकारीका लागि बैंकको चौबिसै घण्टा सञ्चालनमा रहने ग्राहक सेवा केन्द्र ‘सिद्धार्थ केयर’ सम्पर्क गर्न सकिने बताइएको छ । बैंकले डिजिटल भुक्तानीको प्रयोगलाई बढाउन र ग्राहकलाई डिजिटल माध्यमबाट भुक्तानी गर्न प्रोत्साहन गर्ने क्रममा हालै ‘सिद्धार्थ रिवार्ड्स’ लोयल्टी सेवा पनि सञ्चालनमा ल्याइएको बताइएको छ ।

# आईसिएफसि फाइनान्सको ऋणपत्र बाँडफाँट



काठमाडौं (अस) । कुमारी क्यापिटल लिमिटेडको निष्कासन तथा विक्री प्रबन्धकत्वमा आईसिएफसि फाइनान्स लिमिटेडको ७ वर्ष अवधि भएको तथा वार्षिक ९ प्रतिशत ब्याजदरको ‘९ प्रतिशत आईसिएफसि फाइनान्स लिमिटेड डिबेञ्चर २०८८’ ऋणपत्र आइतवार बाँडफाँट गरिएको छ । प्रति इकाई रू. १ हजार अंकित दरको ३ लाख कित्तामध्ये १ लाख ८० हजार कित्ता ऋणपत्र परिपत्र विधिबाट र १ लाख २० हजार कित्ता ऋणपत्र सर्वसाधारणका लागि सार्वजनिक प्रक्रियाबाट निष्कासन तथा विक्री खुला गरिएको थियो ।

परिपत्र विधिमार्फत १ लाख ८० हजार कित्ता ऋणपत्र निष्कासन गरिएकोमा प्राप्त आवेदकबाट ३ लाख कित्ता ऋणपत्रको लागि आवेदन प्राप्त भएकोमा समानुपातिक रूपमा ऋणपत्र बाँडफाँट गरिएको बताइएको छ । त्यस्तै सर्वसाधारणतर्फको १ लाख २० हजार कित्तामध्ये सामूहिक लगानी कोषको लागि छुट्ट्याइएको ६ हजार कित्ता बाँडफाँट गरी बाँकी रहेको १ लाख १४ हजार कित्ता ऋणपत्र सर्वसाधारणमा बाँडफाँट गरिएको बताइएको छ ।

गत माघ ९ देखि १३ गतेसम्म विक्री खुला गर्दा सर्वसाधारणतर्फ ७ हजार २४७ आवेदकबाट ६ लाख ३१ हजार ३५७ कित्ता ऋणपत्रको लागि आवेदन पर्न आएकोमा गोला प्रथा विधिद्वारा ४ हजार ५६० आवेदकलाई १ लाख १४ हजार कित्ता ऋणपत्र बाँडफाँट गरिएको बताइएको छ ।

# सानिमा रिलायन्स लाइफ इन्स्योरेन्सको ‘एलिट अचिभर्स नाइट’ सम्पन्न



काठमाडौं (अस) । सानिमा रिलायन्स लाइफ इन्स्योरेन्सले ‘एलिट अचिभर्स नाइट’को आयोजना गरी सन् २०२५ का लागि एमडीआरटी, सीओटी, टीओटीमा योग्य भएका एजेन्सी म्यानेजरका लागि सम्मान कार्यक्रम गरेको छ । कार्यक्रममा कम्पनीका प्रमुख कार्यकारी अधिकृत शिवनाथ पाण्डे, नायब प्रमुख कार्यकारी अधिकृत निराजन कँडेल, प्रमुख व्यवसाय अधिकृतहरू, प्रदेश प्रमुख, क्षेत्रीय म्यानेजर, एरिया म्यानेजर, ब्रान्च तथा सब-ब्रान्च म्यानेजरहरूको उपस्थिति रहेको बताइएको छ ।

सन् २०२५ को लागि कम्पनीबाट १ जना टीओटी, २ जना सीओटी अनि २४ जना एमडीआरटीको लागि योग्य भएका थिए । विश्वभरिका अभिकर्ता माझ ‘मिलियन डलर राउण्ड टेबल (एमडीआरटी) प्रख्यात मानिने बताइएको छ । यस मञ्चमा तोकिएका मापदण्ड पूरा गरेका विश्वभरिका अभिकर्ताको वार्षिक रूपमा उपस्थिति रहने बताइएको छ । सन् २०२५ का लागि एमडीआरटीको लक्ष्य रू. ४६ लाख ९२, हजार ९००, सीओटीका लागि रू. १ करोड ४० लाख ७८ हजार ७०० र टीओटीको लागि रू. २ करोड ८१ लाख ५७ हजार ४०० तोकिएको थियो । प्रमुख कार्यकारी अधिकृत पाण्डेले सम्पूर्ण योग्य एजेन्सी म्यानेजरलाई बधाई दिँदै यस्तै प्रकारका अन्य अन्तरराष्ट्रिय कार्यक्रममा अझै बढी सहभागिता बढाउन आवश्यक सहयोग र प्रोत्साहन गरिने बताए ।

# ज्योति विकास बैंकद्वारा विद्यालयलाई सहयोग

काठमाडौं (अस) । ज्योति विकास बैंकले चितवनको खैरहनी-६ स्थित खैरहनी माध्यमिक विद्यालयलाई बैंकको सामाजिक उत्तरदायित्वअन्तर्गत स्थापित ‘हाम्रो विकास प्रवर्द्धन कोष’मार्फत ३० थान डेस्क, बेञ्च प्रदान गरेको छ । बैंकले विद्यालयमा अध्ययनरत विद्यार्थीको शैक्षिक वातावरण सुधार गर्न न्यूनतम भौतिक पूर्वाधारमा योगदान पुऱ्याउने तथा समग्र शैक्षिक अनुभवमा सुधार ल्याउने उद्देश्यका साथ उक्त सहयोग उपलब्ध गराइएको बताइएको छ । सहयोगपश्चात् विद्यार्थीले डेस्क, बेञ्चको उपयोग गरेर सहज रूपमा अध्ययन गर्ने वातावरण निर्माणमा सुधार हुने अपेक्षा बैंकको छ ।




विद्यालयमा आयोजित एक कार्यक्रममा बैंकका पर्सा शाखा प्रबन्धक यज्ञराज भट्टले विद्यालयका प्रधानाध्यापक गोपालप्रसाद शर्मालाई उक्त डेस्क, बेञ्च हस्तान्तरण गरेका थिए । कार्यक्रममा विद्यालयका शिक्षक र विद्यार्थी तथा बैंकका प्रतिनिधिहरूको समेत उपस्थिति थियो ।

हस्तान्तरण कार्यक्रममा प्रधानाध्यापक शर्माले शिक्षामा गुणस्तरीय पूर्वाधारको महत्त्वमा जोड दिँदै सकारात्मक र समृद्ध शैक्षिक वातावरण निर्माणमा बैंकको सहयोग प्रति कृतज्ञता व्यक्त गरेका थिए ।

# महालक्ष्मी विकास बैंक र डोल्मा कन्सल्टेन्सीबीच सम्झौता



काठमाडौं (अस) । महालक्ष्मी विकास बैंक र डोल्मा कन्सल्टेन्सीबीच कर्जा असुली सम्बन्धमा असुली परामर्शदाता तथा कर्जा असुली कार्यमा समेत सहजीकरण गर्ने गरी सम्झौता भएको छ । बैंक र कन्सल्टेन्सीबीच भएको सम्झौतापश्चात् बैंकले ऋण असुली सम्बन्धी कानूनी परामर्श, तालीम र ऋण असुलीको लागि प्रयोग गरिने अन्तरराष्ट्रियस्तरको सफ्टवेयरको प्रयोग गर्न सक्ने बताइएको छ । कन्सल्टेन्सीले विभिन्न राष्ट्रिय तथा अन्तरराष्ट्रिय बैंकसँग बैंकिङ सबलीकरणमा सहकार्य गर्दै आएको छ । डोल्मा कन्सल्टेन्सीसँगको सहकार्यले खराब कर्जा असुली प्रणाली सुदृढ बनाउन तथा खराब कर्जा व्यवस्थापन गर्न बैंकलाई र कर्जा ग्राहकलाई थप सहज हुने विश्वास बैंकको छ ।

# नेपाल टिस्यु उद्योग संघको अध्यक्षमा यादव घिमिरे



काठमाडौं (अस) । नेपाल टिस्यु उद्योग संघको तेस्रो वार्षिक साधारणसभाले यादव घिमिरेलाई अध्यक्षमा निर्वाचित गरेको छ । बिहीवार भक्तपुरको लोकन्थलीमा सम्पन्न सभाले नयाँ कार्यसमिति चयन गरेको हो । नयाँ कार्यसमितिको उपाध्यक्ष रामहरि कार्की चयन भएका छन् भने सचिवमा विष्णुप्रसाद बखेल, कोषाध्यक्षमा श्यामहरि लुइँटेल चयन भएका छन् । यसैगरी सदस्यहरूमा प्रेमहरि मैनाली, निरञ्जन घिमिरे, राजेश श्रेष्ठ, अनिल प्रधान, सुनिला गोयल अग्रवाल चयन भएका छन् । नवनिर्वाचित अध्यक्ष यादव घिमिरेले संघको सदस्यता विस्तार, मर्यादित तथा व्यवस्थित संगठन निर्माण गर्ने प्रतिबद्धता व्यक्त गरे । साथै, टिस्यु पेपरको कच्चापदार्थमा सरकारले लगाउँदै आएको अन्तःशुल्क हटाउन पहल गर्ने बताए । कार्यक्रममा राष्ट्रिय समाचार समितिका अध्यक्ष धर्मेन्द्र झाले संघको अहिलेको समस्या समाधानका उपाय सुझाउँदै नेपाली टिस्यु पेपरहरू पनि अन्तरराष्ट्रिय बजारमा निर्यात गर्न पहल गर्न नवनिर्वाचित कमिटीलाई आग्रह गरेका थिए ।

*कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित भई बीमा ऐन, २०७९ बमोजिम संचालित*

**गार्डियन माइक्रो लाइफ इन्स्योरेन्स लिमिटेड**
**GUARDIAN MICRO LIFE INSURANCE LIMITED**
GUARDIAN MICRO LIFE INSURANCE
रजिष्टर्ड ठेगाना:- विराटनगर महानगरपालिका, मुनालपथ, मोरङ्ग, नेपाल
फोन नं.: ९७७-०२१-५९०९०२, वेबसाइट: www.gmli.com.np | इमेल: info@gmli.com.np

**शेयर रजिष्ट्रार (Registrar to Share) सम्बन्धी सूचना**

यस गर्डियन माइक्रो लाइफ इन्स्योरेन्स लिमिटेडको निर्णय अनुसार यस कम्पनीको धितोपत्र कारोबार सम्बन्धी शेयरधनिहरुको लगत अद्यावधिक गरी राख्ने तथा अन्य शेयर रजिष्ट्रार सम्वन्धी कार्य गर्न श्री एनआइएमबि एस क्यापिटल लि. लाजिम्पाट, काठमाडौंलाई शेयर रजिष्ट्रार नियुक्त गरिएकोले यस कम्पनीको शेयर रजिष्ट्रार अन्तर्गतको सम्पूर्ण कार्यहरु एनआइएमबि एस क्यापिटल लिमिटेड मार्फत हुने व्यहोरा सम्पूर्ण शेयरधनी महानुभाव लगायत सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**शेयर रजिष्ट्रार :**

NIMB ACE CAPITAL LIMITED
**एनआइएमबि एस क्यापिटल लिमिटेड**
पो.ब.नं.: २३२२४, लाजिम्पाट, काठमाडौं, नेपाल
फोन नं.: +९७७-१-४५२५२८०, फ्याक्स:+९७७-१-४००५०८४
Email: info@nimbacecapital.com, Website: www.nimbacecapital.com

**नबिल बैंक लिमिटेड, कुमारीपाटी शाखा, ललितपुरको धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ दिने सूचना गोप्य सिलबन्दी बोलपत्र आव्हान गरिएको सम्बन्धी**

**(प्रकाशित मिति : २०८१/१०/२१)**

यस बैंकबाट कर्जा लिएका तपसिल बमोजिमका ऋणीले तथा सो को धितो जमानतकर्ताले ऋण लिँदा गरिदिएको लिखत र ऋण स्वीकृतीपत्रको शर्तमा तोकिए बमोजिम बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा किस्ता तथा ब्याँज समेतका रकमहरु तिर्न बुझाउन पटक पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसँग भएको ऋण कर्जा सम्वन्धी शर्त कबुलियतहरु उल्लङ्घन गरेकोले कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना मिति **२०८१/०३/२१ को आर्थिक दैनिक पत्रिका**मा प्रकाशित गरिएकोमा सो बमोजिम समेत ऋणी तथा जमानतकर्ता कसैले पनि ऋणकर्जाको बाँकी सावाँ ब्याज चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी नतिरेको/नबुझाएको एवं ऋण/जमानत दायित्व फछ्यौट नगरेको हुनाले ऋणी एवं धितो जमानतकर्ताले यस बैंकलाई लेखिदिएको तपशिल बमोजिमको सुन जहाँ जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्थामा र परिमाणमा प्रचलित कानून, बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ एवं बैंक नियम अनुसार गोप्य सिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना असुल उपर गर्नका लागि यो १५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

धितोमा रहेको उक्त सम्पत्तिहरु गोप्य सिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित सघं सस्थाले यो सूचना प्रकाशित भएको पन्ध्र (१५) दिन (सो दिन बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) को कार्यालय समयभित्र बोलपत्र फाराममा उल्लेखित शर्तहरुको अधीनमा रही रितपुर्वक भरी यस बैंकको केन्द्रीय कार्यालय, **कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौं** मा आईपुग्ने गरी गोप्य सिलबन्दी बोलपत्र आवेदन पेश गर्न हुन आव्हान गरिन्छ ।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणी तथा जमानतकर्ता तथा सम्बद्ध व्यक्ति समेतले सम्पत्ति लिलाम हुने दिन भन्दा अगावै बैंकमा उपस्थित भई आफुले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने व्यहोरा समेत जानकारी गराईन्छ । प्रस्तुत लिलाम बिक्री प्रक्रियाबाट धितोमा रहेको तपसिल बमोजिमको सम्पत्ति लिलाम बिक्री हुन नसकेमा बैंक तथा वित्तिय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असूली सम्बन्धी ऐन, २०५८, सो को नियमावली, २०५९ तथा प्रचलित कानून बमोजिम ऋणी तथा जमानतकर्ताको अन्य चल अचल जायजेथा, श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा ऋणी, धितो सुरक्षण तथा जमानत दिनु हुने व्यक्ति तथा सम्बन्धित सबैलाई यसै सूचनाद्धारा अवगत गराईन्छ ।

**तपसिल**

**ऋणीको विवरण**

टंकनाथ अधिकारीको छोरी, परेव लाल कार्की को बुहारी दान वहादुर कार्कीको श्रीमती, मुगु जिल्ला, खत्याड गा.पा. वडा नं. ११ स्थायी घर भई हाल काठमाण्डौ जिल्ला, काठमाडौं म.न.पा. वडा नं. ३२ बस्ने ना.प्र.नं. १५४६१८, (नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का.: मुगु, मिति : बि.सं.२०६३/०७/१२) रहेको **पविता अधिकारी (कार्की)** ।

**धितोको विवरण**

| १. विवरण | जम्मा थान | तौल (ग्राममा) | २. विवरण | जम्मा थान | तौल (ग्राममा) | ३. विवरण | जम्मा थान | तौल (ग्राममा) |
|---|---|---|---|---|---|---|---|---|
| सुनको वाला | २ | २१३ ग्राम | सुनको चुरा | २ | १२६ ग्राम | सुनको चुरा | ३ | ३२३ ग्राम |
| सुनको झुम्का | २ | | सुनको नेकलेस | १ | | सुनको लकेट सिक्रि | ३ | |
| सुनको नेकलेस | १ | | सुनको झुम्का | २ | | सुनको नेकलेस | १ | |
| सुनको औंठी | २ | | सुनको औंठी | २ | | सुनको औंठी | ५ | |
| सुनको सिक्रि | १ | | | | | सुनको झुम्का | ४ | |
| **जम्मा** | **८** | **२१३ ग्राम** | **जम्मा** | **७** | **१२६ ग्राम** | **जम्मा** | **१६** | **३२३ ग्राम** |

**लिलामबिक्री सम्बन्धी अन्य शर्तहरु :**

१. बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फाराम बैंकको केन्द्रीय कार्यालय, **कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौं** वा **कुमारीपाटी शाखा, ललितपुर**बाट कार्यालय समय भित्र प्राप्त गर्न सकिनेछ ।
२. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र अर्थात मिति २०८१/११/०५ गते ५:०० बजे भित्र यस बैंकको केन्द्रीय कार्यालय, **कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौं**मा बुझाई सक्नु पर्नेछ ।
३. प्राप्त बोलपत्रहरु मिति २०८१/११/०६ गते ३:०० बजे बैंकको **केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौं**मा उपस्थित प्रतिनिधि र/वा सरकारी निकायका प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ । तर बोलपत्रदाता, निजको प्रतिनिधि वा अन्य प्रतिनिधिको उपस्थिती नहुँदैमा बोलपत्र खोल्न कुनै बाधा पुग्ने छैन ।
४. बोलपत्र बुझाउने अन्तीम दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिनमा समेत उक्त दिनको ५:०० बजे भित्र तोकिएको स्थानमा बोलपत्र बुझाउन सकिनेछ । त्यस्तै बोलपत्र खोल्ने दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिन ३:०० बजे बोलपत्र खोलिनेछ ।
५. लिलाम गर्न लागिएको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थमा खरीद गरिलिने गरी बोलपत्र पेश गर्नु पर्नेछ । बोलपत्र पेश गर्दा कुन कुन धितोको सम्पत्तिको लागि के कति बोलकबुल गर्न खोजिएको हो स्पष्ट खुलाई पेश गर्नुपर्नेछ । बैंकले सबै वा कुनै धितो पूर्ण वा आंशिक रुपमा समेत स्वीकार गर्न सक्नेछ, यस सम्बन्धी अन्तीम निर्णय गर्ने अधिकार बैंकमा निहित रहनेछ ।
६. बोलपत्रमा आफुले सकार गरी लिन चाहेको सम्पत्ति के कति रकममा खरीद गरी लिन चाहेको हो सो को अंक तथा अक्षर मा स्पष्टसाग लेखिएको हुनु पर्नेछ र आफुले कवोल गरेको रकमको कम्तिमा १० प्रतिशतले हुन आउने रकम धरौटी वापत अन्य बैंक वित्तीय संस्थाको ड्राफ्ट/मेनेजर/बैंकर्स चेक वा बैंक जमानत समेत बोलपत्र साथ समावेश गरी पेश गर्न सकिने छ । धरौटी स्वरुप जम्मा गरिएको रकममा व्याज दिईने छैन ।
७. बोलपत्रदाताको बोलपत्र स्वीकृत भएमा सो को जानकारी सम्बन्धित बोलपत्रदातालाई बोलपत्रमा उल्लेखित ठेगानामा लिखितरुपमा पठाईनेछ । स्वीकृत बोलपत्रदाताले बैंकले तोकेको अवधीभित्र आफुले कबुल गरेको सम्पूर्ण रकम नगदै जम्मा गर्नुपर्नेछ । साथै उक्त समय भित्र कवुल गरेको रकम दाखिला नगरेमा धरौटी वापत राखिएको रकम बैंकले जफत गर्न सक्नेछ ।
८. सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा सरकारी कार्यालयमा लाग्ने सम्पूर्ण शुल्क/दस्तुर सकार गरी लिने व्यक्ति स्वयंले तिर्नु बुझाउनु पर्नेछ ।
९. कुनै अड्डा, अदालतबाट लिलामसम्बन्धी कार्य रोक्का वा वदर गर्ने आदेश भएमा लिलाम रोक्का वा वदर हुनेछ । त्यस्तो अवस्थामा बोलपत्रदाताले धरौटीवापत जम्मा गरेको रकम सम्बन्धित व्यक्तिलाई फिर्ता दिईनेछ । तर सो मा कुनै व्याज प्रदान गरिने छैन ।
१०.बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ । रीत नपुऱ्याई दर्ता हुन आएको बोलपत्र उपर कुनै कारवाही हुने छैन ।
११.लिलाम बिक्री गरिने सम्पत्तिको बारेमा थप जानकारी आवश्यक परेमा यस बैंकको केन्द्रीय कार्यालय, **कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौं** वा **कुमारीपाटी शाखा, ललितपुर**मा कार्यालय समय भित्र सम्पर्क गरी बुझ्न सकिनेछ ।
१२.अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ ।

NABIL BANK®
प्रधान कार्यालय, दरवारमार्ग, काठमाडौं फोन नं. ०१-५९७१८७१

आर्थिक वृद्धि भएको समयमा नै सरकारी खर्च कटौती गर्ने हो, मन्दीमा होइन ।

**- जोन मेनार्ड किन्स**

### सम्पादकीय

# भारतीय बजेटको बाछिटा

संवैधानिक व्यवस्थाअनुसार नेपालमा जेठ १५ गते संसद्मा बजेट प्रस्तुत हुन्छ भने त्यसका लागि माघ महीनादेखि नै तयारी थालिन्छ । नेपालमा बजेटको तयारी चरण शुरु हुनै लाग्दा भारतमा अर्थमन्त्री निर्मला सीतारमणले ५० लाख ६५ हजार करोडको संघीय बजेट प्रस्तुत गरेकी छिन् ।

नेपालको सबैभन्दा ठूलो व्यापार साझेदार, सहयोग दाता र खुला सिमाना जोडिएको मुलुक भएकाले त्यसको बाछिटाले नेपाललाई कुनै न कुनै तरिकाले प्रभाव पार्छ । तर, त्यसको प्रभावबाट आफूलाई जोगाउन तथा त्यसबाट फाइदा लिनेगरी नीति तय गर्न भने नेपाल चुकिरहेको छ । अहिले प्रस्तुत बजेटलाई भने राम्ररी विश्लेषण गरेर सरकारले त्यसअनुसार तयारी गर्नुपर्ने देखिन्छ ।

भारत विश्वको पाँचौ अर्थतन्त्र बनिसकेको छ भने २०३० मा त्योभन्दा माथिल्लो तहमा पुग्ने गरी उसले तयारी गरिरहेको छ । विश्वकै ठूलो बजार र ठूलो अर्थतन्त्र भएकाले भारतमा हुने सानो परिवर्तनले पनि नेपालको अर्थतन्त्रमा सिधा असर पर्छ । नेपालका दुई विशाल छिमेकी विश्व अर्थतन्त्रमा शक्तिशाली बन्दै जाँदा नेपाल भने उत्पादनमूलक क्षेत्रमा प्रगति गर्न नसकिरहेको अवस्था छ । भारतले उत्पादन बढाउन मेक इन इन्डियाको नारा अघि सारेको छ । नेपालले पनि नारामा त्यस्तै नक्कल गरेको छ तर कार्यान्वयनको संयन्त्र र प्रभावकारिता भने नगण्य छ र त्यसको मूल्यांकन गरेर सुधार्न कुनै प्रभावकारी कदम चाल्न सकेको छैन । भारतले ८ प्रतिशतभन्दा बढीको आर्थिक वृद्धिदरका लक्ष्य लिइरहँदा नेपालको वृद्धिदरले ४ प्रतिशत पनि पुग्ने छाँटकाँट छैन ।

भारतीय बजेटले पहिलो प्राथमिकता कृषि क्षेत्रलाई दिएको छ । नेपाल र भारत दुवैले प्राथमिक कृषि वस्तुलाई भन्साररहित सुविधा दिएकाले नेपाली कृषि उत्पादनले अधिक अनुदान दिइएको भारतीय कृषि वस्तुसँग प्रतिस्पर्धा गर्न नसकेको स्थिति छ । भारतले प्रधानमन्त्री धनधान्य योजनाअन्तर्गत कृषिलाई उच्च प्राथमिकता दिएको छ । कृषिउपज निर्यात उसको लक्ष्य छ । यो परिप्रेक्ष्यमा भारतीय कृषि उत्पादन थप सस्तो भई नेपाली उत्पादनले नेपालमै बजार नपाउने स्थिति हुने हो कि भन्ने चिन्ता छ । त्यसैले नेपालले केही वर्ष यता नेपाल भारत व्यापार सन्धिमा भारतलाई दिइएको भन्साररहित सुविधा हटाउन आग्रह गर्दै आएको छ । नेपालले भारतले जस्तो ठूलो अनुदान दिन सक्दैन न ठूलो परिमाणमा कृषि उत्पादन गर्न नै सक्छ । यसले गर्दा नेपालको कृषि उपजको लागत महँगो पर्छ र भारतीय कृषि उपजसँग प्रतिस्पर्धा गर्न सक्दैन । उखु, धान, तरकारीमा अहिले समस्या आउनुको कारण यही हो र यो समस्या आगामी वर्षमा झनै बढ्ने देखिन्छ । भारतीय मह सस्तो भई नेपाली महले बजार नपाएपछि मौरी पालक किसानको दबाबमा नेपालले मह आयातमा प्रतिबन्ध लगाइरहेको छ । त्यसैले नेपालले पनि भन्सार दरमा मात्र पुनर्विचार नगरी नेपाली कृषि उत्पादनको प्रतिस्पर्धात्मक क्षमता बढाउन आवश्यक कदम चाल्नुपर्छ ।

**कोशीको नहर आधुनिकीकरण कसरी हुने र नेपाललाई केही असर गर्ने नगर्नेबारे सरकारले चासो लिई नेपाललाई नकारात्मक असर नपर्ने सुनिश्चित गर्नुपर्छ ।**

भारतीय बजेटले विद्युतीय सामग्री निर्माणमा लाग्ने सामानको आयातमा भन्सार घटाएको छ । त्यसले विद्युतीय सवारीसाधनदेखि भारतमा निर्माण हुने मोबाइल र ल्यापटपको समेत मूल्य घट्ने देखिन्छ । त्यसले नेपालमा यी वस्तु केही सस्तिएर आउन सक्छ र यी वस्तुको व्यापार बढ्न सक्छ । त्यसले नेपालको व्यापार घाटा झनै बढाउन सक्छ । २०७२ सालमा भारतसँग अधिक निर्भरता रहेको भन्दै एउटै देशमा रहेको यस्तो निर्भरता घटाउन सुझाव दिइएको थियो । तर यसबीचमा भारतसँगको निर्भरता थप बढेको छ ।

विहारमा नयाँ विमानस्थल बनाउनेदेखि कोशी पश्चिम नहर आधुनिकीकरण गर्ने घोषणाले के असर गर्छ त्यो पनि विचार गर्नुपर्ने हुन्छ । खासगरी, सीमा नजिकै विमानस्थल बनेमा नेपालको प्रस्तावित निजगढ अन्तरराष्ट्रिय विमानस्थललाई असर गर्न सक्छ । त्यसैगरी, कोशीको नहर आधुनिकीकरण कसरी हुने र नेपाललाई केही असर गर्ने नगर्नेबारे सरकारले चासो लिई नेपाललाई नकारात्मक असर नपर्ने सुनिश्चित गर्नुपर्छ ।

भारतले मध्यमवर्गलाई रिझाउन १२ लाख ७५ हजार भारतीय रुपया आम्दानी गर्ने प्राकृतिक व्यक्तिको आयकरमा कर नलाग्ने व्यवस्था गरेको छ । नेपालमा अहिले एकल व्यक्तिलाई ५ लाख रुपैयाँ र विवाहित जोडीले ६ लाख रुपैयाँ भन्दा बढी आय गरेमा आयकर तिर्नुपर्छ । त्यसैले भारत र नेपालबीच कर नलाग्ने आयमा ज्यादै अन्तर छ । त्यसैले मध्यम वर्गबाट माग बढाउन पनि आयकर छूटको न्यूनतम सीमा बढाउनु उपयुक्त हुन्छ । त्यस्तै भारतमा मध्यम वर्गको बचत बढ्दा उनीहरू नेपाल भ्रमणका लागि आउन सक्ने सम्भावना पनि उत्तिकै छ । त्यसैले भारतीय बजेटका सासाना प्रावधानसमेत राम्ररी हेरेर नेपालले भारतीय पर्यटक बढाउन पनि आवश्यक पहल गर्नुपर्छ ।

आर्थिक अभियान

### १० वर्षअघिको आर्थिक अभियानबाट

## बन्ला सहमतीय सरकार ?

राष्ट्रिय सहमतिको सरकार निर्माणका लागि तेस्रोपटक थप गरेको समयसीमाभित्र पनि दलहरू सहमतीय सरकार निर्माणमा असफल बनेपछि राष्ट्रपति डा. रामवरण यादवले चौथोपटक समय थप गरेका छन् । एमाओवादी, काङ्ग्रेस, एमालेलगायत दलहरूले बिहीवार राष्ट्रपतिभवन शीतल निवासमा पुगी समय थपका लागि राष्ट्रपतिसँग आग्रह गरेपछि उनले पुनः पाँच दिनको समय थप गरेका हुन् ।

राष्ट्रपति यादवले गत मङ्सिर ८ गते अन्तरिम संविधानको धारा ३८ (१) अनुसार सहमतीय सरकार गठन गर्न दलहरूलाई सात दिनको समयसीमा दिएका थिए । दुईपटक गरेर १३ दिन थप गरेको समयसीमाभित्र पनि सहमति जुट्न नसकेपछि राष्ट्रपतिले बिहीवार दलहरूसँग छलफल गरी चौथोपटक समय थप गरेको राष्ट्रपतिका प्रेस सल्लाहकार राजेन्द्र दाहालले जानकारी दिए ।

वर्ष ८, अंक ८८, शुक्रवार २९ मङ्सिर, २०६९

# भ्रष्टाचार नियन्त्रणको अर्थशास्त्र

## नियन्त्रणको लागत बढेको बढ्यै



**उपचारात्मक उपायमा भ्रष्टाचार भइसकेपछि त्यसको अनुसन्धान, छानबिन गर्ने, प्रमाण संकलन गर्ने, अदालतमा मुद्दा दायर गर्ने र ठहर भएमा कानून बमोजिमको कारबाही गर्ने लगायतका काम गरिन्छन् ।**

**- डा. लोकनाथ भुसाल**

सार्वजनिक जिम्मेवारीमा रहेका व्यक्तिले पद, शक्ति र अधिकारको दुरुपयोग गरी व्यक्तिगत लाभ हासिल गर्नुलाई भ्रष्टाचारको रूपमा परिभाषित गरेको पाइन्छ । यस अर्थमा सार्वजनिक पदमा रहेका पदाधिकारीको गलत आचरण वा भ्रष्ट आचरण हुनु नै भ्रष्टाचार हो । असल आचरण वा सदाचारले व्यक्तिले समाजमा पालना गर्नुपर्ने व्यवहारको परिष्कृत र नैतिक दृष्टिले स्वीकार गरिएको आचार, चालचलन र चरित्र बुझिन्छ भने दुराचार वा भ्रष्टाचारले यसको विपरीत अर्थ प्रदान गर्दछ । मानवीय स्वभावको कमजोरीले नै भ्रष्टाचार हुने गर्दछ । भष्टाचार विभिन्न रूपमा प्रकट हुन्छ । चल वा अचल वस्तु घुसको रूपमा लिनु, सरकारी सम्पत्तिको दुरुपयोग गर्नु, कार्यालयमा भेदभावपूर्ण वा कपटयुक्त व्यवहार गर्नु भ्रष्टाचारका केही रूप हुन् । यसबाट के स्पष्ट हुन्छ भने समाज, संस्कृति, परम्परा, प्रचलित कानून र अन्तरात्माले गर्न नहुने भनेका काम गरी अर्थ वा अन्य शक्ति आर्जन गर्ने काम नै भ्रष्टाचार हो ।

विश्वभर भ्रष्टाचार सबैतिर व्याप्त छ र विभिन्न अध्ययनहरूले बढ्दै गएको पनि देखाएका छन् । विश्व शासनमा पूँजीवादी विचारधाराको उपयोग भएर हो वा कलियुगको दबदबाले हो समाजमा नैतिकताको स्तर घटेसँगै विभिन्न प्रकृतिका भष्टाचारका घटनाहरूमा वृद्धि हुँदै गएको छ । धनी र गरीब दुवै प्रकारको आर्थिक अवस्था भएका देशहरूमा भ्रष्टाचार हुने गरेको छ । तर, शासकीय कमजोरीले गर्दा गरीब देशहरूमा अधिक भ्रष्टाचार हुने गरेको ट्रान्स्परेन्सी इन्टरन्यासनल जस्ता संस्थाहरूले गरेको अध्ययनबाट सार्वजनिक हुने गरेको छ । पछिल्लो समयमा सार्वजनिक पदमा रहने अधिकांश व्यक्तिहरूको मनसाय देशको सेवा गर्नेभन्दा पनि सम्पत्ति बढाउनेतिर भएको देखिन्छ । शासनमा राजनीतिक हस्तक्षेपले गर्दा पनि अनियमित काम गर्नेहरूलाई संरक्षण मिलेको अवस्था छ ।

विश्वभर सार्वजनिक क्षेत्रको विस्तारसँगै भ्रष्टाचार र अनियमितताका घटनामा पनि वृद्धि हुँदै गएको पाइएको छ । विश्वको कुल गार्हस्थ्य उत्पादन (करिब ११५ ट्रिलियन यु एस डलर) को करिब पाँच प्रतिशत (करिब ४.३ ट्रिलियन यु एस डलर) बराबरको रकम भ्रष्टाचार हुने गरेको अनुमान छ । यो रकम जापानको कुल गार्हस्थ्य उत्पादन (करिब ४.४ ट्रिलियन यु एस डलर) र भारतको कुल गार्हस्थ्य उत्पादन (करिब ४.३ ट्रिलियन यु एस डलर) को हाराहारीमा रहेको छ । यसबाट भ्रष्टाचारको आयतन स्पष्ट हुन्छ । सुशासनका लागि प्रयोग हुने कतिपय नवीन प्रविधिले पनि कतिपय भ्रष्टाचारलाई सहज बनाएको अवस्था पनि छ । समग्रमा विश्वभर भ्रष्टाचारले धनीलाई धनी र गरीबलाई गरीब बनाउँदै लगेकोले समन्यायिक विकासलाई कठिन बनाएको छ ।

नेपालमा पनि भ्रष्टाचार बढ्दै गएको विभिन्न घटना र प्रतिवेदनहरूले देखाएका छन् । नियमनकारी निकायहरूका प्रतिवेदनहरू, मिडियामा आउने रिपोर्टहरू र भ्रष्टाचारको अनुगमन गर्ने अन्तरराष्ट्रिय अध्ययन संस्थाका प्रतिवेदनले पनि बढ्दो भ्रष्टाचारलाई पुष्टि गर्दछन् । विद्यालय, विश्वविद्यालय, धार्मिक संस्था, प्रहरी, प्रशासन, सार्वजनिक संस्थान, अदालत, राजनीतिक दल, गैरसरकारी संस्था, निजी क्षेत्र, सहकारी सबैतिर भ्रष्टाचारले जरा गाडेको र मौलाउँदै गएको देखिन्छ । यी निकायमा कार्यरत व्यक्तिहरूको भड्किलो जीवनस्तरले यसलाई पुष्टि गर्दछ । यसले सुशासनलाई चुनौती प्रदान गरेको छ । यसले मुलुकको आर्थिक विकासमा पनि प्रतिकूल प्रभाव पारेको र सार्वजनिक सेवाको गुणस्तर घटाएको स्पष्ट छ । गरीबी र असमानता बढाउन पनि यसले भूमिका खेलेको छ । यसले लोकतान्त्रिक प्रणाली कमजोर बनाएको छ र समग्र राज्य संयन्त्रप्रति आमनागरिकमा अनास्था सिर्जना गर्दै गरेको अवस्था देखिएको छ ।

हाम्रो संविधानले सुशासन, सामाजिक न्याय र समृद्धिको आकांक्षा राखेकाले यसको प्राप्तिको लागि अहिले भ्रष्टाचार निवारण हुनु पर्ने विश्लेषण विभिन्न कोणबाट हुने गरेका छन् । नेपालमा बढ्दो भ्रष्टाचारको सामाजिक-आर्थिक लागतलाई मनन गरी यसलाई घटाउन र निवारण गर्नको लागि विभिन्न प्रयासहरू पनि भइरहेका छन् । यसले गर्दा भ्रष्टाचार निवारणको लागत बढ्दै गएको छ । यस्ता प्रयासको प्रभावकारिता भने अपेक्षित रूपमा कम देखिएको गुनासो सर्वत्र पाइन्छ । यस्ता प्रयासहरूको लागत-लाभको विवेचना गर्दै कम खर्चमा बढी प्रभावकारी हुने भ्रष्टाचार निवारणका उपायको अवलम्बन गर्नु पर्ने देखिन्छ ।

भ्रष्टाचार एउटा रोग भएकाले यसलाई उपचार गर्न विभिन्न उपायहरूको सहारा लिनु आवश्यक हुन्छ । भ्रष्टाचार विभिन्न रूप र प्रकृतिका हुने भएकाले यसको निवारणको लागि पनि विभिन्न प्रकार र प्रकृतिका उपायहरूलाई उपयोगमा ल्याउनु जरूरी हुन्छ । यस्ता उपायहरूलाई निरोधात्मक, उपचारात्मक र प्रवर्धनात्मक गरी तीन भागमा विभाजन गर्न सकिन्छ । निरोधात्मक उपायले रोगको उपचार गर्नुभन्दा रोग लाग्नै नदिनेतर्फ जोड दिने भएकाले यस अन्तर्गत भ्रष्टाचार हुनै नदिन गरिने सबै उपायहरू पर्दछन् । तुलनात्मक रूपले यो उपाय कम लागत लाग्ने उपाय पनि हो । यसका लागि सार्वजनिक निकायमा नियुक्त हुने पदाधिकारी र कर्मचारीको आचरण र नैतिकता परीक्षण गर्ने, त्यस्ता निकायहरूको कार्य प्रक्रियालाई सरलीकृत, पारदर्शी र अद्यावधिक बनाउने, सार्वजनिक पदाधिकारीहरूको आचारसंहिता निर्माण गरी कार्यान्वयनमा ल्याउने, स्वार्थको द्वन्द्व नहुने घोषणा गर्ने, उपहारलाई निरुत्साहित गर्ने, अनियमित काम हुन लागेमा सतर्क बनाउने व्यवस्था सुनिश्चित गर्ने जस्ता कार्यहरू गरिन्छन् ।

**विभिन्न प्रकृतिका भ्रष्टाचार नियन्त्रणका लागि विशिष्ट उपायहरू अवलम्बन गरिनु पर्दछ, लागत-लाभको विश्लेषण गरिनु उपयुक्त हुन्छ । रोग लागेपछि उपचार गर्नुभन्दा रोग लाग्नै नदिनु कम खर्चिलो र प्रभावकारी हुने भएकोले भ्रष्टाचार नियन्त्रणका लागि उपचारात्मकभन्दा निरोधात्मक र प्रवर्द्धनात्मक उपायहरूलाई सघन बनाउनु आवश्यक देखिन्छ ।**

यस प्रकारको निरोधात्मक व्यवस्थाले व्यक्तिलाई भ्रष्टाचारजन्य कार्यहरूमा संलग्न हुनबाट निरुत्साहित गर्दछ र असल आचरण कायम राख्न मद्दत गर्दछ । यसले एकातिर छानबिन, अनुसन्धान, अभियोजन, अदालती प्रक्रिया पूरा गर्नको लागि गर्नुपर्ने खर्च हुनबाट पनि बचाउँछ भने अर्कोतिर भ्रष्टाचार हुने रकम विकास निर्माणमा लगानी भई मुलुकको आर्थिक उन्नतिलाई टेवा समेत मिल्दछ । नेपालमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३७ र ३८ ले राष्ट्रिय सतर्कता केन्द्रको भ्रष्टाचार नियन्त्रणको भूमिकालाई निरोधात्मक र प्रवर्धनात्मक हुने व्यवस्था गरेको छ ।

उपचारात्मक उपाय रोग लागेपछि उपचार गर्ने तरिका हो । यस अन्तर्गत भ्रष्टाचार भइसकेपछि त्यसको अनुसन्धान, छानबिन गर्ने, प्रमाण संकलन गर्ने, अदालतमा मुद्दा दायर गर्ने र ठहर भएमा कानून बमोजिमको कारबाही गर्नेलगायतका काम गरिन्छन् । भ्रष्टाचार गर्ने व्यक्तिले यसको लागत-लाभको पनि आकलन गरेको हुन्छ र लागत घटाउन भरमग्दुर प्रयास गरेको हुन्छ । प्रमाण हुर्काउन वा नष्ट गरिन सक्छ । अनुसन्धानमा संलग्न हुनेहरू नै मोलाहिजामा पर्न पनि सक्दछन् । त्यसैले अनुसन्धानको काम कठिन हुन्छ । यसको लागि आवश्यक पर्ने विशेषज्ञताको पनि कमी हुन सक्दछ । यी सबै कारणले उपचारात्मक उपायको लागत उच्च हुने गर्दछ ।

प्रवर्द्धनात्मक उपाय भ्रष्टाचार नियन्त्रणको अर्को उपाय हो । यस अन्तर्गत भ्रष्टाचार विरूद्धका चेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्ने गरिन्छ । सदाचार नीतिको तर्जुमा र कार्यान्वयन गरेर पनि भ्रष्टाचार नियन्त्रण गर्न सकिन्छ । जीवन दर्शनसम्बन्धी शिक्षा, सदाचार वा नैतिक शिक्षा र आध्यात्मिक ज्ञानको प्रचार-प्रसारमार्फत पनि भष्टाचारप्रति घृणा वा डरको भावना विकास गरिन्छ । जीवन दर्शन बुझेका कतिपय सार्वजनिक पदाधिकारीहरूले कहिल्यै भ्रष्टाचारमूलक कार्यमा संलग्न नभएका उदाहरणहरू पनि हामीले देखेका छौं । यस्ता नागरिक तयार गर्न परिवार, समुदाय र शैक्षिक संस्थाहरूको महत्त्वपूर्ण भूमिका हुने गर्दछ । भौतिक चेतनाको अधीनमा परेको व्यक्तिलाई भ्रष्ट हुनबाट कानूनले मात्र जोगाउन सक्दछ भने आध्यात्मिक चेतना भएको व्यक्तिले भ्रष्टाचार गर्ने अवसर पाएता पनि त्यस्तो कार्यमा संलग्न हुँदैन । वास्तवमा सदाचारी नागरिक र सदाचारी पदाधिकारी नै भ्रष्टाचार नियन्त्रणका अभिन्न अंग हुन् । त्यसैले सही तवरले सञ्चालन गर्न सकेमा माथि उल्लिखित निरोधात्मक र उपचारात्मक उपायभन्दा प्रवर्द्धनात्मक उपाय कम खर्चिलो र बढी प्रभावकारी हुन सक्दछ ।

अन्त्यमा, मुलुकमा समृद्धि र सामाजिक न्यायको प्रत्याभूति गर्नको लागि सुशासन आवश्यक छ । सुशासनका लागि भ्रष्टाचार नियन्त्रण जरूरी हुन्छ । विभिन्न प्रकृतिका भ्रष्टाचार नियन्त्रणका लागि विशिष्ट उपायहरू अवलम्बन गरिनु पर्दछ । यस्ता उपायहरूको चयन गर्दा लागत-लाभको विश्लेषण गरिनु उपयुक्त हुन्छ । रोग लागेपछि उपचार गर्नुभन्दा रोग लाग्नै नदिनु कम खर्चिलो र प्रभावकारी हुने भएकाले भ्रष्टाचार नियन्त्रणका लागि उपचारात्मकभन्दा निरोधात्मक र प्रवर्द्धनात्मक उपायहरूलाई सघन बनाउनु आवश्यक देखिन्छ । विभिन्न उपायका लागि हालसम्म भएको खर्चको प्रभावकारिता अध्ययन गरी आगामी दिनमा राष्ट्रिय सतर्कता केन्द्रजस्ता निरोधात्मक र प्रवर्द्धनात्मक क्षेत्रमा काम गर्ने निकायलाई थप सबल र सक्षम बनाउनु जरूरी हुन्छ । यही नै भ्रष्टाचार नियन्त्रणको अर्थशास्त्र हो ।

*लेखक राष्ट्रिय योजना आयोगमा कार्यरत छन् ।*

### टिप्पणी

# विद्यालयमा नवप्रवर्तन भारतबाट किन नसिक्ने ?

नेपालमा शिक्षा अव्यावहारिक भयो, सैद्धान्तिक भयो, प्रयोगात्मक भएन भनेर बारम्बार चर्चा भइरहे पनि सरकारले शिक्षालाई शीपसँग जोड्ने ठोस कार्यक्रम ल्याउन सकेको छैन । ल्याएका कार्यक्रमको प्रभावकारिता पनि देखिन्न । भारतले ल्याएको अटल टिंकरिङ ल्याब नेपालका लागि एउटा बलियो पाठ हुन सक्छ । भारतको संघीय बजेट २०२५ प्रस्तुत गर्दै अर्थमन्त्री निर्मला सीतारमणले भारतका सरकारी विद्यालयहरूमा आगामी ५ वर्षभित्र ५० हजार अटल टिंकरिङ ल्याब खोल्ने बताएकी छन् । भारतले विश्वव्यापी पहुँच स्थापना गर्नका लागि सन् २०१४ देखि यस्तो ल्याब सञ्चालनमा ल्याएको हो । नप्रवर्तनात्मक काम गर्नका लागि यो ल्याब एउटा कार्यक्षेत्र हो । विद्यालय तथा विश्वविद्यालयहरूमा अध्ययनरत विद्यार्थीमा नवप्रवर्तनात्मक सोच विकास गर्न र उद्यमशीलता विकास गर्न यो ल्याब सञ्चालनमा ल्याइएको हो । अटल टिंकरिङ ल्याबको उद्देश्य भारतीय विद्यार्थीहरूमा प्राविधिक नवप्रवर्तन, विज्ञान, गणित र इन्जिनीयरिङका प्रति चासो र रुचि बढाउनु हो । यो एक यस्तो प्लेटफर्म हो, जहाँ विद्यार्थीहरूलाई स्वतन्त्र रूपमा प्रयोग, आविष्कार र नयाँ विचारहरूको निर्माण गर्ने अवसर प्राप्त हुन्छ । अटल टिंकरिङ ल्याबको मुख्य उद्देश्य युवाहरूमा सृजनात्मकता र समस्या समाधान गर्ने क्षमता विकास गर्नु हो, ताकि उनीहरूले भविष्यमा आफै समस्याहरूको समाधान गर्न सकून् र देशलाई प्राविधिक दृष्टिकोणमा नयाँ दिशा दिन सकून् । अहिले भारतमा १० हजार टिंकरिङ ल्याबहरू स्थापना भइसकेका छन् । त्यस्तै ३५ ओटा प्रदेश र संघीय क्षेत्र गरी ७७ ओटा जिल्लामा यो अहिले फैलिएको छ । यसमा ६ हजारभन्दा बढी मेन्टरहरू छन् भने १ करोडभन्दा बढी विद्यार्थी यसमा सक्रिय छन् । यसमा विभिन्न क्षेत्रका १६ लाखभन्दा बढी परियोजनाहरूमा अनुसन्धान भइरहेको छ ।

अटल टिंकरिङ ल्याबको प्रमुख उद्देश्य भनेको विद्यार्थीहरूमा नवप्रवर्तन र उद्यमशीलता प्रवर्द्धन गर्नु हो । यो पहल भारतको आत्मनिर्भर भारत अभियानसँग पनि सम्बद्ध छ, जसले युवाहरूलाई नयाँ प्राविधिक शीप सिकाउन र तिनीहरूलाई भविष्यमा व्यावसायिक जीवनका लागि तयारी गराउन प्रोत्साहित गर्छ । विद्यार्थीहरूलाई त्यस्ता शीपहरू दिनु नै यसको मुख्य उद्देश्य हो ।

अटल टिंकरिङ ल्याबले विद्यार्थीहरूलाई मेकिङ, कोडिङ, रोबोटिक्स, इन्टरनेट अफ थिङ्स र अन्य विज्ञान र प्राविधिक क्षेत्रमा काम गर्ने अवसर दिन्छ । यसले विद्यार्थीहरूलाई सृजनात्मक परियोजनाहरूमा काम गर्ने र नयाँ प्रयोग गर्ने वातावरण उपलब्ध गराउँछ । यहाँ विद्यार्थीहरूलाई प्रयोगशाला सामग्री, उपकरणहरू र नयाँ विचारहरूको आधारमा प्रोटोटाइप तयार गर्ने अवसर मिल्छ, जसले तिनीहरूको समस्या समाधान गर्ने क्षमता र रचनात्मक सोचमा सुधार ल्याउँछ । नेपालमा सरकारले यस्तो कुनै कार्यक्रम ल्याएको छैन । विद्यालय तहमा विज्ञानजस्तो विषयको पनि सैद्धान्तिक पढाइ हुन्छ र लिखित जाँच मात्रै हुन्छ । प्रयोगात्मक कुरा सिकाइँदैन । नेपालका अत्यधिक विद्यालयमा विद्यार्थीहरूले ल्याब भनेको के हो भन्नेसमेत थाहा नपाएको अवस्था छ । निजी ठूला विद्यालयहरूले समेत गतिलो प्रयोगशाला बनाएको पाइन्न । फाट्टफुट्ट केही प्रयोग देखाउने गरिएको छ तर विद्यार्थीले आफ्नो हातले कुनै प्रयोगात्मक कार्य गर्न पाउँदैनन्, टाढैबाट हेर्नेमात्र हो । त्यही भएर नेपालका विद्यार्थीमा सिकाइमा तत्परता छैन । जसरी हुन्छ पास हुन पाए हुन्छ भन्ने सोच व्याप्त छ । यस्तो जनशक्ति देशको विकासमा कसरी उपयोगमा आउला ?

**काठमाडौं महानगरपालिकाले अहिले किताबरहित शुक्रवार कार्यक्रम ल्याएको छ । यो निकै सृजनात्मक सोचको कार्यक्रम हो तर त्यसका लागि पर्याप्त आधार नबनाइएकाले अपेक्षित परिणाम दिन भने सकेको छैन ।**

नेपालमा सरकारलाई कसरी धेरै विद्यार्थी पास गराउने भन्ने चिन्ता छ । अत्यधिक निजी विद्यालयहरू एसईईमा धेरै विद्यार्थी उच्च ग्रेडसहित पास गराएको भनी प्रचारबाजीमा रमाउँछन् । अझ अर्को विडम्बना के छ भने अहिले सामाजिक सञ्जालका कारण धेरै विद्यालयले नाचगानलाई उच्च प्राथमिकता दिने गरेका छन् । अभिभावक दिवस मनाउने भन्दै विद्यार्थीलाई नाच्न र गाउन निकै तालिम दिइन्छ, प्रोत्साहित गरिन्छ । अभिभावक पनि यसैमा दंग छन् । कसैले भने विद्यालयमा गएर प्रयोगशाला कस्तो छ, विद्यार्थीलाई नवीन सोचका लागि कत्तिको प्रोत्साहित गरिन्छ भनेर कसैले पनि चासो लिने गरेको पाइँदैन । नृत्य शिक्षकको व्यवस्था गर्ने विद्यालयले नवीन सोचका लागि कुनै मेन्टरको व्यवस्था गरेको पाइँदैन । एसईईको परिणाम राम्रो देखाउन बिहान ६ बजेदेखि बेलुकी ७ बजेसम्म विद्यालयमै राखेर पाठ घोकाउने गरिन्छ । यसैमा अभिभावक पनि खुशी देखिएका छन् । सरकारी विद्यालयले पनि यही सिको गरेका छन् । भएकै ल्याबको पनि पर्याप्त प्रयोग हुँदैन । कक्षा ११ र १२ मा विज्ञानका विद्यार्थीले भने निश्चित पाठको प्रयोगात्मक अभ्यास गरेकै हुनुपर्ने व्यवस्था छ । त्यस्तै व्यवस्था कक्षा ८, ९ र १० मा पनि गर्नुपर्ने हो ।

भारतको अटल टिंकरिङ ल्याबहरू मुख्यतः कक्षा ६ देखि १२ सम्मका विद्यार्थीहरूका लागि लक्षित गरिएका छन् । यी ल्याब स्कूलहरूमा स्थापना गरिन्छ र विद्यार्थीहरूलाई नयाँ प्राविधिक उपकरणहरू जस्तै ३डी प्रिन्टर्स, रोबोटिक किट्स, इलेक्ट्रोनिक सर्किट सामग्री र अन्य प्राविधिक उपकरणहरूको प्रयोग गर्ने अवसर मिल्छ । विद्यार्थीहरूले यी उपकरण प्रयोग गरेर आफ्नो विचारलाई वास्तविकतामा परिणत गर्न सक्छन् । ल्याबमा विशेषज्ञ प्रशिक्षक र प्राविधिक मार्गदर्शकहरू पनि हुन्छन्, जसले विद्यार्थीहरूलाई विभिन्न प्राविधिक र वैज्ञानिक समस्याहरूको समाधान खोज्नमा मद्दत गर्छन् । यहाँ विद्यार्थीहरूले समूहमा काम गर्दै उनीहरूको सामूहिक सोच र टीमवर्कलाई पनि बलियो बनाउँछन्, जसले भविष्यमा उनीहरूको नेतृत्व क्षमता र सामाजिक जिम्मेवारीमा सुधार ल्याउँछ । यसले विद्यार्थीहरूमा नवप्रवर्तन र सृजनात्मकता बढाउन मद्दत गर्छ । यहाँ विद्यार्थीहरूलाई नयाँ विचारहरू तयार गर्ने र तिनीहरूलाई प्रोटोटाइपमा परिणत गर्ने अवसर मिल्छ । ल्याबको माध्यमबाट विद्यार्थीहरूले नयाँनयाँ प्राविधिक उपकरणहरूको प्रयोग गरेर आफ्ना शीपहरूमा सुधार गर्न सक्छन् । अटल टिंकरिङ ल्याबमा विद्यार्थीहरूले विभिन्न प्रोजेक्ट्स र समस्यामा काम गर्ने अवसर पाउँछन्, जसले उनीहरूको समस्या समाधान गर्ने क्षमता बढाउँछ । यस्तै यसले उनीहरूमा टीमवर्क र नेतृत्व क्षमता विकास गर्छ, जुन भविष्यका लागि अत्यन्त महत्त्वपूर्ण हुन्छ ।

नेपालमा सरकारले यस्तोखालको कार्यक्रम ल्याउन आवश्यक छ । युवा विद्यार्थीमा रहेको सृजनात्मक क्षमताको उपयोग गर्न सक्ने गरी यस्तै कुनै एक कार्यक्रम नेपालभर सञ्चालन गर्न आवश्यक छ । शुरूमा केही विद्यालयमा नमूनाका रूपमा सञ्चालन गर्ने र बिस्तारै त्यसलाई देशभर लागू गर्ने व्यवस्था मिलाउनुपर्छ । काठमाडौं महानगरपालिकाले अहिले किताबरहित शुक्रवार कार्यक्रम ल्याएको छ । यो निकै सृजनात्मक सोचको कार्यक्रम हो तर त्यसका लागि पर्याप्त आधार नबनाइएकाले अपेक्षित परिणाम दिन भने सकेको छैन । यस्तै ल्याब बनाएर शुक्रबार त्यसमा विद्यार्थीलाई काममा लगाउने हो भने त्यसले प्रविधिका क्षेत्रमा विद्यार्थीलाई पक्कै पनि आकर्षित गर्नेछ । त्यसैले यो कार्यक्रमलाई सुधार गरेर मुलुकभर लागू गर्न आवश्यक छ ।

अहिले यदाकदा केही विद्यार्थीले स्वरुचिले प्लेन, हेलिकोप्टर, विद्युतीय गाडी, रोबोट आदि बनाएका छन् तर त्यसमा विद्यालयबाट कुनै सहयोग भएको छैन । सरकारले त्यस्ता विद्यार्थीलाई काम गर्न प्रयोगशाला र सहयोग गर्न मेन्टरको व्यवस्था गर्ने हो भने पक्कै पनि उपयोगी वस्तु बनाउन वा समाजमा विद्यमान समस्या समाधान गर्न कुनै उपाय पत्ता लगाउन सक्छन् ! यस्तै सोचका केही कार्यक्रम निजीक्षेत्रले ल्याएको छ जुन विद्यालयसँग सहकार्य गरेर सञ्चालन गर्न थालिएको छ । त्यसमा कारखाना, रोबोटिक्सजस्ता केही संस्थाले विद्यार्थीसँग बेग्लै शुल्क लिएर विद्यार्थीलाई केही मात्रामा प्रयोगात्मक कुरा सिकाउन खोजेको पाइन्छ । यो पूर्णतया व्यावसायिक हो र यसले नवप्रवर्तन गराउने नभई केही निर्देशित कामहरू गर्न मात्र सिकाउँछन् । त्यसैले सरकारले नेपालमा पनि भारतको अटल टिंकरिङ ल्याबजस्तै कार्यक्रम ल्याउन आवश्यक छ । यस्तो कार्यक्रम भारतमा मात्र होइन, जापानमा पनि छ । जापानमा कुनै विद्यार्थीले केही नयाँ कुरा पत्ता लगायो भने त्यसलाई पेटेन्ट दिइहाल्ने गरिन्छ । भोलि त्यसको प्रोटोटाइप बनाएर उसले पेटेन्ट विक्री गर्न सक्छ । यसलाई कसैले प्रयोग गरेमा उसले रोयल्टी पाउँछ । चीनमा पनि विद्यालयका साना नानीहरूलाई नै ल्याबमा धेरै काम सिकाइन्छ । त्यसैले गर्दा प्रविधिका क्षेत्रमा चीन अगाडि बढ्न सकेको हो । अब नेपालले पनि यस्तै खालको कार्यक्रम ल्याउन ढिला गर्नु हुँदैन ।

**बाँकी पृष्ठ १ बाट ...**

**धेरैजसो शीर्षकमा ...**

सरोकारवालाले कतिपय सामान भन्सार नाकाबाट आयातै नभए पनि बजारमा छ्यापछ्याप्ती पाइएको र सरकारी नीतिका कारण अर्बौं रुपैयाँ राजस्व चोरी पैठारीमार्फत चुहिएको उल्लेख गरेका थिए ।

अर्थ मन्त्रालयका अधिकारीहरूले भने बाढीपहिरो, पेट्रोलियम पदार्थको आयात घट्नु र इन्धनबाट चल्ने सवारीसाधनको आयात प्रभावित हुनुलाई लक्ष्यअनुसार राजस्व संकलन नहुनुको कारण मानेका छन् ।

माघ पहिलो हप्ताको एक पत्रकार भेटघाटमा अर्थ मन्त्रालयका प्रवक्ता महेश भट्टराईले गत असोजको बाढीपहिरो, पेट्रोलियम पदार्थको आयातमा कमी, पेट्रोलियम पदार्थबाट चल्ने सवारीसाधनको आयात प्रभावित हुनु, विद्युतीय सवारीसाधनको आयात बढ्नु, दूरसञ्चार क्षेत्रमा परेको प्रभाव, आयात तथा मागमा कमी लगायतले असर पारे पनि चालू आर्थिक वर्षको ६ महीनामा उल्लेखनीय रूपमा राजस्व संकलन भएको बताएका थिए ।

**नेपाली एयरलाइन्सलाई ...**

दोस्रो विधेयकको सन्दर्भमा मन्त्री पाण्डेले भनेका छन्, 'नयाँ ऐन जारी भएपछि हवाई यातायात जस्तो हवाई यात्रुको सुरक्षा गाँसिएको संवेदनशील क्षेत्रमा नियमनकारी र सेवाप्रदायी कार्यहरू छुट्टाछुट्टै संस्थाबाट सम्पादन हुने भई विद्यमान स्वार्थको द्वन्द्व अन्त्य हुनेछ ।'

उनले आइकाओले विगत लामो समयदेखि क्यानको नियमनकारी र सेवाप्रदायकको भूमिकामाथि प्रश्न गरेको संकेत गर्दै पछिल्लो पल्ट सन् २०२२ मा भएको आइकाओको अडिटले सेवाप्रदायक र नियामक स्पष्ट छुट्ट्याउने कार्यलाई उच्च प्राथमिकता दिनुपर्ने सिफारिश गरेको उल्लेख गरेका छन् ।

हालसम्म नेपालको नागरिक उड्डयन क्षेत्रमा नियामक निकायले प्रदान गर्नुपर्ने सेवा र विमानस्थल विकास, सञ्चालन र व्यवस्थापनसम्बन्धी सेवा क्यानले नै दिँदै आएको छ । संसद्मा पेश गरिएको विधेयकले उडान सुरक्षा र हवाई सुरक्षा अभिवृद्धि गर्न मद्दत पुग्ने उल्लेख छ ।

क्यानलाई नियामक र सेवाप्रदायकका रूपमा विभाजन गर्दा ईयूले नेपाली एयरलाइन्समाथि लगाउँदै आएको प्रतिबन्ध हटाउने आधार तय हुन सक्ने दाबी मन्त्री पाण्डेले गरेका छन् । यसअघि पाकिस्तानले नागरिक उड्डयन प्राधिकरणलाई तीन छुट्टै संस्थामा विभाजन गरेको छोटो समयमै ईयूको कालोसूचीबाट पाकिस्तान इन्टरनेसनल एयरलाइन्स (पीआईए) हटेको थियो ।

युरोपेली संघअन्तर्गतको एभिएसन सेफ्टी एजेन्सीले ९७ जना यात्रुको ज्यान जाने गरी पाकिस्तानमा भएको हवाई दुर्घटनापछि सन् २०२० मेदेखि पीआईएलाई युरोप उडानमा प्रतिबन्ध लगाएको थियो ।

पाकिस्तानले सन् २०२४ को अगस्टमा मात्र पाकिस्तान नागरिक उड्डयन प्राधिकरणलाई तीन भागमा छुट्ट्याएको थियो । नियामकको रूपमा पीसीएए, ब्युरो अफ एयरक्राफ्ट सेफ्टी इन्भेस्टिगेसन र पाकिस्तान एयरपोर्ट अथोरिटी गरी तीन निकाय खडा गरिएको हो । त्यसको ३ महीनापछि गत नोभेम्बरको अन्तिमतिर पीआईएलाई कालोसूचीबाट हटाइएको हो । यसले गर्दा पनि क्यानलाई पनि यसरी नै विभाजन गर्न दबाब परेको थियो ।

आइतवार संसदमा विधेयक पेश गर्दै मन्त्री पाण्डेले नेपालले नागरिक उड्डयनसम्बन्धी अन्तरराष्ट्रिय मञ्चहरूमा नियमनकारी र सेवाप्रदायकको कार्यलाई छुट्टाछुट्टै संस्थामार्फत सञ्चालन गर्ने गरी संस्थागत सुधारको कार्य थालनी गरिएको बताए ।

क्यानका पूर्वमहानिर्देशक राजकुमार क्षेत्रीले पनि क्यान विभाजन भएमा ईयूले लगाउँदै आएको प्रतिबन्ध हट्न सक्ने बताए । तीन वर्षअघि आफू क्यानको महानिर्देशक हुँदा नेपालका लागि तत्कालीन ईयूका राजदूत सहितको टोलीले क्यानसँगको औपचारिक बैठकमा नेपालले नियमनकारी र सेवा प्रदायक कार्यलाई छुट्टाछुट्टै बनाउँदा प्रतिबन्ध हट्न सक्ने बताएको उनले जानकारी दिए । क्यान विभाजनले सेवा तथा नियमन स्तरीय र प्रभावकारी हुने भएकाले प्रतिबन्ध हट्न सक्ने उनको भनाइ छ ।

सरकारले यसअघि २०७६ फागुन ११ मा क्यानलाई दुई निकायमा विभाजन गर्ने विधेयक संसद्मा लगेकामा राष्ट्रियसभाले २०७८ साउन १८ गते पारित गरेको थियो । तर, प्रतिनिधिसभाको कार्यकाल २०७९ असोज पहिलो साता सकिएकाले उक्त विधेयक निष्क्रिय हुन पुगेको थियो ।

गत साउनमा दुई साताको अन्तरमा दुईओटा हवाई दुर्घटना भएपछि राजनीतिक तहमा क्यानलाई नियामक र सेवा प्रदायकका रूपमा विभाजन गर्नुपर्ने आवाज उठेको थियो ।

क्यानका एक उच्च अधिकारीले भने क्यान विभाजन हुँदैमा ईयूले प्रतिबन्ध हटाइहाल्छ भन्ने ग्यारेन्टी नभएको बताए । उनका अनुसार सरकारले नै सञ्चालन गरेको संस्थानलाई छुट्टै नियामक निकायको आवश्यकता किन परेको हो भन्दै प्रश्न गरे ।

'हरेक ठाउँमा सीमित संख्यामा विमानस्थलहरू सरकारले नै सञ्चालन गरेको छ । विमानस्थलबीच कुनै प्रतिस्पर्धा पनि छैन । यस्तो बेलामा नियमन गर्ने निकाय आवश्यक छैन,' क्यानका एक उच्च अधिकारीले नाम उल्लेख नगने शर्तमा भन्यो भने, 'अहिले सबल रूपमा रहेको संस्था विभाजन गरेर दुर्बल बनाउन सरकार लागिपरेको छ ।'

# जुनेलो, फापर, गहत फलाउने किसान भएनन्

उदयपुर (गाईघाट) । जिल्लाको पहाडी क्षेत्रमा लामो समयदेखि परम्परागत रूपमा उत्पादन हुँदै आएका फापर, जुनेलो, गहतलगायत अन्नबाली हिजोआज खेती हुन छाडेको छ । ताप्ली, उदयपुरगढी, रौतामाई र लिम्चुङबुङ गाउँपालिकामा परम्परागत रूपमा खेती हुँदै आएको फापर, जुनेलो, गहत जस्ता अन्नबाली लगाउने किसानको कमी हुन थालेपछि यी बाली लोप हुने अवस्थामा पुगेका छन् ।

रौतामाई गाउँपाालिका-५, रामेटारका किसान पदमबहादुर मगरले २० वर्ष अगाडिसम्म गाउँमा गहत, जुनेलो प्रशस्त उत्पादन हुने बताउँदै पछिल्लो समय खेती गर्नेको संख्यामा कमी आएपछि उत्पादन पनि नभएको उल्लेख गरे । पछिल्लो समय यी वस्तुका लागि बजारसमेत पाउन टाडेको उनको भनाइ छ ।

रौतामाई-४ का किसान नेत्रप्रसाद खत्रीले भने, 'करीब १५-२० वर्ष अघिसम्म गाउँघरमा जुनेलो प्रशस्त उत्पादन गरेर विक्री गर्थ्यौं । हिजोआज यसको खेती हुन छाडेपछि खान मन लागेमा अन्यत्र गएर किनेर ल्याउनुपर्ने बाध्यता छ ।'

उदयपुरगढी गाउँपालिका-४, डुम्रेका किसान बहादुर घले मगरले परम्परागत अन्नबाली गाउँघरबाट लोप हुँदै गएकामा चिन्ता व्यक्त गर्दै भने, 'विगतमा घरबारीमा गहत, पाखाबारीमा चारैतिर जुनेलो खेती गर्थ्यौं । अहिले सबै युवा शिक्षा, रोजगारीलगायत कारणले गाउँ छाडेर शहर तथा विदेश जान थालेपछि गाउँमा कसले खेती गर्ने ? जग्गा सबै बाँझै रहन थाल्यो, काम गर्ने जाँगरिला युवा गाउँघरमा बस्दैनन् ।'

गाउँघरमा परम्परागत खेतीमा सक्रिय व्यक्ति वृद्ध हुनु, युवा कृषि पेशामा आबद्ध नहुनु तथा विदेश वा शहर जानुलगायत कारणले खेती बाँझो हुन थालेको ताप्ली गाउँपालिका-४ का बर्जबहादुर राईले बताए । खेती गर्ने युवा जनशक्तिको अभावमा हिजोआज जुनेलो, फापर, गहत जस्ता अन्नबाली उत्पादन हुने छोडेको उनले बताए ।

**गाउँघरमा परम्परागत खेतीमा सक्रिय व्यक्ति वृद्ध हुनु, युवा कृषि पेशामा आबद्ध नहुनु तथा विदेश वा शहर जानुलगायत कारणले जुनेलो, फापर, गहत जस्ता अन्नबाली उत्पादन हुने छोडेको स्थानीयको भनाइ**

राई भन्छन्, 'करीब २० वर्ष अगाडिसम्म यहाँका पाखाबारीमा जुनेलो खेती बढी हुने भएकाले गाउँ नै जुनेलोमय हुन्थ्यो । हिजोआज यसको खेती गर्ने बूढाबूढी अशक्त भए, कोही बितेर गए, युवाहरू जिल्ला बाहिर र विदेश जान थाले, गाउँ रित्तो हुँदै गयो ।'

जिल्लाको पहाडी क्षेत्रका अधिकांश डाँडापाखा, बारीमा विगतमा प्रशस्त जुनेलो उत्पादन हुने गरे पनि हिजोआज जनशक्ति नहुँदा यसको खेती हुन छाडेको यहाँका कृषक बताउँछन् ।

विगतमा गाउँको पाखा तथा सुक्खा बारीमा अनिवार्य गहत तथा जुनेलोको उत्पादन गरिनेमा पछिल्लो समय युवाले खेतीप्रति चासो नदिनु र गाउँघरबाट युवा अन्यत्र पलायन हुनुलगायत कारणले परम्परागत बाली लोप हुँदै गएका रौतामाई गाउँपालिकाका पूर्वअध्यक्ष गजेन्द्र खड्काले बताए ।

उनका अनुसार जुनेलो रौताको सल्ले, हात्तीपाइले र पोखरे क्षेत्रमा अझै पनि केही कृषकले उत्पादन गरिरहेका छन् । फापर र गहत भने लोप हुने अवस्थामा पुगेको उनको भनाइ छ ।

उदयपुरगढी गाउँपालिका दनुवारबेसीका कृषक रितबहादुर तामाङले विगतमा गाउँघरमा फापर, जुनेलो उत्पादन गरेर अन्यत्र विक्री गर्ने गरिएकामा हिजोआज खेती हुन छाडेपछि आफैले खान पनि खोजेर ल्याउनुपर्ने अवस्था आएको बताए ।

जिल्ला कृषि ज्ञान केन्द्रका सूचना अधिकारी अनु बिसीले विगतमा जिल्लाको पहाडी क्षेत्रका गाउँघरमा उत्पादन हुने फापर, जुनेलो, गहत प्रशस्त उत्पादन हुने गरेकामा पछिल्लो समय किसानले खेती गर्न छाडेको बताए । प्रत्येक वर्ष जिल्लाको पहाडी क्षेत्रमा अन्नबाली कोदोबाहेक अन्य परम्परागत बालीको उत्पादन घट्दै गएको उनले जानकारी दिए । *रासस*

PRiME COMMERCIAL BANK LTD.
प्राइम कमर्सियल बैंक लिमिटेड

केन्द्रीय कार्यालय: कमलपोखरी, काठमाण्डौ
फोन नं.: ०१-४५२३४३२/३४/३६

शाखा कार्यालय: पथरी, मोरङ्ग
फोन नं.: ०२१-५५५४०१

शाखा कार्यालय :काकरभिट्टा, झापा
फोन नं.: ०२३-५६७३०१/६१६

शाखा कार्यालय : कोहलपुर, बाँके
फोन नं.: ०८१-५४१५३२/३६

को

## तपसिलका कार्यालयहरुको तपसिलमा उल्लेखित ऋणीहरुको धितोमा रहेको सम्पत्तिको लिलाम बिक्री हुने सम्बन्धी ७ (सात) दिने अत्यन्त जरुरी सूचना

**(प्रकाशित मिति २०८१/१०/२१ गते)**

तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकको तपसिलका कार्यालयहरुबाट लिनु भएको ऋण कर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, साँवाको किस्ता, ब्याज र हर्जाना ब्याज रकम नतिरी नबुझाई बैंकसँग गरेको कर्जा सम्बन्धी शर्त कबुलियत उल्लंघन गर्नु भएको, बैंकले तपसिलका ऋणीहरु र व्यक्तिगत जमानतकर्ताहरु समेतलाई पटक-पटक मौखिक एवम् लिखित सूचनाहरु पठाई तरताकेता गर्दा समेत कर्जाको साँवा तथा सोमा लागेको ब्याज, किस्ता र हर्जाना ब्याज रकम बुझाउने तर्फ कुनै पहल नगरी बेवास्ता गरी बसेको र यस अघि सम्पूर्ण कर्जा चुक्ता गर्न यस बैंकबाट ३५ (पैंतीस) दिने सार्वजनिक सूचना तथा धितोमा रहेको सम्पत्तिको लिलाम बिक्री हुने सम्बन्धी १५ (पन्ध्र) दिने अत्यन्त जरुरी सूचना विभिन्न मितिमा राष्ट्रिय दैनिक पत्रिकाहरुमा प्रकाशित गरि तरताकेता गर्दा समेत कर्जा नतिरी नबुझाई बेवास्ता गरी बसेको हुनाले कर्जा असुलीका लागि तपसिलमा उल्लेखित धितो जहाँ जे, जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको सम्पूर्ण लेना रकम असूल उपर गरि लिने भएकाले धितोमा रहेको सम्पत्तिको लिलाम बिक्री हुने सम्बन्धी यो ७ (सात) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । साथै, धितो सुरक्षणमा रहेको सम्पत्तिहरुको लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार गर्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा असुल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणीहरु र व्यक्तिगत जमानतकर्ताहरुको घरघरानाबाट असुल उपर गर्न असुली प्रकृया अगाडि बढाईने तथा सम्बन्धीत सबैलाई कर्जा सूचना केन्द्रको कालो सूचीमा नाम समावेश गर्न पठाईने ब्यहोरासमेत यसै सूचनाद्वारा सूचित गरिन्छ ।

**तपसिल**

**केन्द्रीय कार्यालय: कमलपोखरी, काठमाण्डौ**

**ऋणीको विवरण**

नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा कम्पनी ऐन, २०६३ बमोजिम मिति : २०६९/०६/०१ मा दर्ता नं. ९७३४८/०६९/०७० कायम भई दर्ता भएको मोरङ जिल्ला, पथरी शनिश्चरे न.पा. वडा नं. ९, स्थित **जयकुण्डेश्वर एग्रो फार्म प्रा.लि.**

**व्यक्तिगत जमानतकर्ताको विवरण**

१. बहादुर सिंह प्रजापतिको नाति, लख्यमान प्रजापतिको छोरा, भक्तपुर जिल्ला, भक्तपुर वडा नं. १२ स्थित स्थायी ठेगाना भएको **वलराम प्रजापति (ना.प्र.प.नं. ६९-०३७, भक्तपुर)**
२. लख्यमान प्रजापतिको नाति, वलराम प्रजापतिको छोरा, भक्तपुर जिल्ला, भक्तपुर गा.वि.स./न.पा. वडा नं. १२ स्थित स्थायी ठेगाना भएको **विशाल प्रजापति (ना.प्र.प.नं. २९/०१/७३/००१८१, भक्तपुर)**

**धितोमा रहेको सम्पत्तिको विवरण**

१. **जय कुण्डेश्वर इन्टरप्राइजेज प्रा.लि.** को नाममा मालपोत कार्यालय बेलवारी, मोरङको लगतमा दर्ता श्रेस्ता कायम रहेको मोरङ जिल्ला, बयरवन गा.वि.स./न.पा. वडा नं. ९ स्थित कित्ता नं. ४०, ३४८, ३४९ र ३५० क्रमश : क्षेत्रफल ०-१०-०-०, १-०-०-०, १-०-०-० र १-०-०-० (बिघा) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।
२. **विशाल प्रजापतिको** नाममा मालपोत कार्यालय बेलवारी, मोरङको लगतमा दर्ता श्रेस्ता कायम रहेको मोरङ जिल्ला, केरावारी गा.वि.स./न.पा. वडा नं. २ स्थित कित्ता नं. ४०६ को क्षेत्रफल ०-२-०-० (बिघा) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

नोटः यस बैंकको कर्जा चुक्ता गर्न आउने सम्वन्धि मितिः २०८१/०८/१४ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिकमा प्रकाशित ३५ दिने सार्वजनिक सूचना तथा धितोमा रहेको सम्पत्तिको लिलाम बिक्री हुने सम्बन्धि मितिः २०८१/०९/२० गतेको अन्नपूर्ण पोस्ट राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित १५ दिने सार्वजनिक सूचनाहरुमा व्यक्तिगत जमानतकर्ताको विवरणमा **लख्यमान प्रजापतिको नाति, वलराम प्रजापतिको छोरा, भक्तपुर जिल्ला, भक्तपुर गा.वि.स./न.पा. वडा नं. १२ स्थित स्थायी ठेगाना भएको विशाल प्रजापति (ना.प्र.प.नं. २९/०१/००१८१, भक्तपुर)** हुनुपर्नेमा अन्यथा भएकोले यसै सूचनाद्वारा भुलसुधार गरिएको छ ।

